प्रभाव दैनिक
National Daily
इ-पेपरका लागि

वर्ष १३ | अंक ११३ | काठमाडौं | शुक्रबार, २९ साउन २०८३ | Prabhab National Daily | Friday, 14 August 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५ ।-

# रोल्पाको कोटलबारामा पहिरो : १० जनाको मृत्यु

"

बेपत्तामध्ये प्युठानको स्वर्गद्वारी नगरपालिकाका जुडापाटा, किमिचौर, गोठीबाङ, अर्दुस भन्ने ठाउँमा माडी खोलाको किनारमा चार वटा शव र स्वर्गद्वारी-५ सरोजास्थित लुङ्गी खोलाको किनारमा थप एक शव भेटिएको बताइएको छ ।



रोल्पाको थवाङ गाउँपालिका-५ कोटलबारामा बुधबार राति पहिरो जाँदा पुरिएका व्यक्तिहरूको खोजी तथा उद्धार गर्दै सुरक्षाकर्मी ।

*तस्बिरः लीलाराज बुढा/रासस*

**रोल्पा-** रोल्पाको थवाङ गाउँपालिका-५ कोटलबारा गाउँमा पहिरोमा परी १० जनाको मृत्यु भएको छ । बुधबार राति पौने ९ बजे बस्तीमाथि आएको पहिरोमा परी ९ घर बगाउँदा १० जनाको मृत्यु भएको र अझै ३ जना बेपत्ता रहेको प्रहरीले जनाएको छ ।

पहिरोमा परी बेपत्ता भएका थप पाँच जनाको शव छिमेकी जिल्ला प्युठानमा भेटिएको प्रहरीले जनाएको छ । जिल्ला प्रहरी कार्यालय रोल्पाका प्रहरी निरीक्षक कृष्ण श्रेष्ठका अनुसार थवाङ गाउँपालिका-५ कोटलबारा गाउँमा बुधबार राति पहिरोमा परेर पाँच जना बेपत्ता भएका थिए । उनीहरूको शव बिहीबार बिहान छिमेकी जिल्ला प्युठानमा नदी किनारको विभिन्न क्षेत्रमा भेटिएको हो ।

पहिरोमा परेर बेपत्ता रोल्पाको थवाङ गाउँपालिका-५ का ३८ वर्षीया जुनकुमारी पुन मगर, पाँच वर्षीय अशोक पुन मगर, ८० वर्षीय बलबहादुर पुन मगर, ६६ वर्षीया मनी पुन मगर र ३४ वर्षीय महेन्द्र घर्तीको शव भेटिएको हो । उनीहरूको शव प्युठानका स्वर्गद्वारी नगरपालिकाका जुडापाटा, किमिचौर, गोठीबाङ, अर्दुस भन्ने ठाउँमा माडी खोलाको किनारमा चार वटा शव र स्वर्गद्वारी-५ सरोजास्थित लुङ्गी खोलाको किनारमा थप एक शव भेटिएको बताइएको छ ।

पहिरोमा परी थवाङ गाउँपालिका-५ का १८ वर्षीया शान्ती पुन मगर, ६० वर्षीय कमलबहादुर पुन मगर, ७५ वर्षीय दलबहादुर पुन मगर, ८५ कि हस्तकला रोका मगर र ८० वर्षीया मनखना पुन मगरको घटनास्थलमै मृत्यु भएको थियो ।

यसैगरी, पहिरोमा परेर घाइते भएका थवाङ गाउँपालिका-५ का २२ वर्षीय हिमाल पुन मगर र २५ वर्षीय सञ्जय घर्ती मगरलाई थप उपचारका लागि लुम्बिनी प्रादेशिक अस्पताल बुटवल लगिएको छ । प्रहरी निरीक्षक श्रेष्ठका अनुसार पहिरोमा परेर ९ वर्षीय अशिम पुनमगर, ८० वर्षीय अजम्बर पुनमगर र ६१ वर्षीय लिलबहादुर पुनमगर छन् । बेपत्ताको खोजीमा नेपाली सेना, सशस्त्र प्रहरी बल, नेपाल प्रहरी र स्थानीयवासी खटिएका छन् ।

पहिरोमा परेर ९ घर, एक घुम्ती पसल, दुई गोठ र एक चर्च गरी १३ वटा संरचना बगाएको प्रहरीले जनाएको छ । *रासस*

# शेखरको साथ पाएर देउवा ढुक्क, गगनविरुद्ध मोर्चाबन्दी

- देउवालाई पार्टीमा यसअघि संस्थापनइतरको गुट चलाइरहेका डा शेखर कोइरालाको समेत साथ रहेको छ
- काठमाडौं आइपुग्नसाथ देउवाले आफूलाई अन्तरराष्ट्रिय समर्थन रहेको दाबी गरेका छन्
- यो बीचमा देउवाले हङकङ छँदा नै एमाले अध्यक्ष केपी शर्मा ओली र नेपाल कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहालसँग पटकपटक भर्चुअल कुराकानी गरेको बुझिएको छ



■ **प्रभाव संवाददाता**

**काठमाडौं-** थप उपचारका लागि फागुन १३ गते सिंगापुर पुगेका कांग्रेसका पूर्व सभापति शेरबहादुर देउवा काठमाडौं आइपुग्दा निर्धक्क देखिएका छन् । जेन-जी विद्रोहका क्रममा भदौ २३ गते आफ्नै निवास बुढानिलकण्ठमा कुटिएका देउवा बिहीबार काठमाडौं उत्रँदा निर्धक्क देखिएका हुन् ।

त्रिभुवन विमानस्थलमा आफूपक्षीय नेताहरूको स्वागतपछि देउवाको 'रोड शो' चल्यो । खासै प्रचार मन नपराउने नेता देउवा यसपटक भने खुसीसाथ रोड शोमा सहभागी भए । बाजागाजासहितको रोड शो पछि देउवा आफ्नो निवास चुनदेवीतिर लागेका थिए ।

चुनदेवीमा संस्थापनइतरको सम्पर्क कार्यालय पुगेपछि स्वागतका लागि पुगेका नेता कार्यकर्ताले उनको भाषण सुन्न चाहे । उक्त कार्यालयमा देउवालाई कांग्रेसको सभापतिको रूपमा एउटा कोठा बनिसकेको थियो । विशेष महाधिवेशनबाट सभापति बनेका गगन थापाविरुद्ध देउवाको अभिव्यक्ति आउने चाहना इतर पक्षको थियो ।

उक्त कक्षामा पुग्नुअघि नै देउवाले कार्याकर्ताले अपेक्षित गरेअनुसारकै सम्बोधन गरे । सम्बोधनमा देउवा कड्किएका थिए । देउवाले आफूलाई अन्तरराष्ट्रियदेखि जनता र सर्वोच्च अदालतको साथ रहेको दाबी गरे । 'हाम्रो खिलापमा मुद्दा हाल्यो । अन्तर्राष्ट्रिय क्रिमिनल कोर्टमा पनि मुद्दा हालेका थिए तर शेरबहादुर र आरजुलाई पक्रेर काम छैन भनिदियो । यहीं (नेपाल) मा पनि मुद्दा लगाएको छ, यस्तो फटाहाहरू छन् यहाँ,' देउवाले भने, 'सर्वोच्चले पनि शेरबहादुर र आरजुलाई पक्राउ नगर भन्ने आदेश दियो । तैपनि बदमासी गऱ्यो ।' सम्पत्ति शुद्धीकरण अनुसन्धान आयोगले देउवा दम्पत्तीमाथि अनुसन्धान जारी राखेको छ ।

⏭ क्रमशः पृष्ठ २ मा

## क-कसको साथ ?

कांग्रेस सभापति देउवा आजबाट शुरु हुने संस्थापनइतरको राष्ट्रिय भेलामा सहभागी हुन काठमाडौं आइपुगेका हुन् । काठमाडौं आइपुग्नसाथ देउवाले आफूलाई अन्तरराष्ट्रिय समर्थन रहेको दाबी गरेका छन् । यो बीचमा देउवाले हङकङबाट एमाले अध्यक्ष केपी शर्मा ओली र नेपाल कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहालसँग पटकपटक भर्चुअल कुराकानी गरेको बुझिएको छ । ओली र दाहालले देउवालाई साथ दिने वचनसमेत दिएको अनौपचारिक छलफलहरूमा दुबै नेताले बताउने गरेका छन् ।

जेन-जी आन्दोलनका कारण ओलीसँग भएको आलोपालो सरकार सञ्चालनको प्रमाणपत्र खारेज भएसँगै अप्ठ्यारोमा परेका देउवामाथि पार्टीभित्रैबाट अर्को बज्रपात आइलागेको थियो । कांग्रेसका तत्कालीन महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले पुसको अन्तिमतिर विशेष महाधिवेशन बोलाएर पार्टी कब्जा गरेपछि देउवा राजनीतिक किनारामा धकेलिएका थिए ।

यस्तो अवस्थामा देउवा संस्थापनइतरको आडमा काठमाडौं उत्रिएका हुन् । देउवालाई पार्टीमा यसअघि संस्थापनइतरको गुट चलाइरहेका डा शेखर कोइरालाको समेत साथ रहेको छ ।

⏭ क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

# वैदेशिक रोजगारीमा कीर्ते गर्नेलाई १२ वर्षसम्म कैदको प्रस्ताव

■ **ममता थापा**



- विधेयकमा अवैध एजेन्ट तथा इजाजतपत्रबिनै वैदेशिक रोजगारका नाममा ठगी गर्नेमाथि कडा सजायको प्रस्ताव
- झुटा आश्वासन वा ठगीमार्फत श्रमिक पठाउनेलाई तीनदेखि सात वर्षसम्म कैद र बिगोको तीन गुणासम्म जरिवाना गर्न सकिने प्रस्ताव
- संगठित अपराध गर्ने, अपराध दोहोऱ्याउने वा कीर्ते कागजात प्रयोग गर्नेलाई सातदेखि १२ वर्षसम्म कैद र बिगोको पाँच गुणासम्म जरिवाना प्रस्ताव

**काठमाडौं-** युवा, श्रम तथा रोजगार मन्त्रालयले वैदेशिक रोजगार ऐन, २०६४ संशोधनको तयारी तीव्र पारेको छ । वैदेशिक राजेगार क्षेत्रलाई थप व्यवस्थित, पारदर्शी र प्रविधिमैत्री बनाउने उद्देश्यसहित ऐन संशोधनको तयारी अघि बढाएको जनाइएको छ ।

श्रममन्त्री रामजी यादवले सामाजिक सञ्जालमार्फत सार्वजनिक गरेको 'वैदेशिक रोजगार (तेस्रो संशोधन) विधेयक, २०८३' को प्रस्तावित व्यवस्थामा विदेशी रोजगारदाताको अनिवार्य प्रमाणीकरणदेखि डिजिटल भर्ती प्रणाली, म्यानपावर कम्पनीको जोखिममा आधारित नियमन, अवैध एजेन्टमाथि कडा सजाय र श्रमिकको पुनर्एकीकरण सम्मका विषय समेटिएका छन् । विधेयक हाल सुझावका लागि सार्वजनिक गरिएको हो ।

विधेयक विभिन्न मन्त्रालयबाट आवश्यक सुझाव लिएर कानून मन्त्रालयमा पठाइने मन्त्रालयका प्रवक्ता पिताम्बर घिमिरेले बताउँछन् । 'अहिले विभिन्न मन्त्रालयबाट सुझाव संकलन भइरहेको छ । त्यसपछि कानून मन्त्रालयमा पठाउँछौं । कानूनले क्याबिनेटमा पठाएपछि त्यहाँबाट पारित भयो भने संसदमा जान्छ,' घिमिरेले भने ।

मन्त्रालयले विशेषगरी ऐनका मुख्य दश वटा प्रावधानमा संशोधन गर्ने उल्लेख गरेको छ । जसमा गन्तव्य मुलुकका रोजगारदाताले अनिवार्य प्रमाणीकरण गर्नुपर्ने विषयलाई महत्व दिएको छ । जसअनुसार नेपाली श्रमिकको माग गर्ने विदेशी रोजगारदाताले सम्बन्धित नेपाली कूटनीतिक नियोगबाट मान्यता तथा प्रमाणीकरण लिनुपर्ने प्रस्ताव गरिएको छ । यस्तो प्रमाणीकरण सामान्यतया दुई वर्षका लागि कायम रहनेछ । यसबाट श्रमिक भर्ना गर्ने कम्पनीको अवस्थाबारे श्रमिक विदेश जानुअघि नै जानकारी लिन सकिने जनाइएको छ ।

त्यस्तै, म्यानपावर कम्पनी तथा वैदेशिक रोजगारसँग सम्बन्धित सेवा प्रदायकलाई अब कामको गुणस्तरका आधारमा मूल्याङ्कन गर्ने व्यवस्था प्रस्ताव गरिएको छ । विभिन्न सूचकका आधारमा 'कम्प्लायन्स रेटिङ' निर्धारण गरी राम्रो काम गर्ने संस्थालाई सहुलियत र उच्च जोखिममा रहेका संस्थालाई थप निगरानी गर्ने अवधारणा विधेयकमा छ । जनसंख्या, वैदेशिक रोजगारसम्बन्धी तथ्याङ्क तथा अन्य मापदण्डका आधारमा म्यानपावरको संख्या र क्षमता निर्धारण गर्न सकिने व्यवस्था पनि प्रस्ताव गरिएको छ ।

मन्त्रालयले डिजिटल भर्ती प्रक्रियालाई कानूनी रूपमा जोड्ने प्रस्ताव पनि गरेको छ । श्रमिकको माग वैदेशिक रोजगार विभागको प्रणालीमा सार्वजनिक गर्नुपर्ने, श्रमिकले अनलाइनबाटै आवेदन दिन सक्ने तथा छनोट र अन्तर्वार्ताको विवरणसमेत प्रणालीमा राख्नुपर्ने व्यवस्था पनि समावेश गरिएको छ । यसमा म्यानपावर कम्पनीले कुनै आवेदन अस्वीकार गरे त्यसको कारणसमेत खुलाउनुपर्ने भनिएको छ ।

विधेयकमा अर्को महत्वपूर्ण प्रस्ताव 'एम्प्लोयर पे प्रिन्सिपल' अर्थात् रोजगारदाताले नै भर्ती खर्च व्यहोर्नुपर्ने व्यवस्था हो । जसअनुसार श्रमिक भर्ती प्रक्रियामा लाग्ने खर्च मूलतः गन्तव्य मुलुकको रोजगारदाताले व्यहोर्नुपर्छ । रोजगारदाताले खर्च नव्योहरे सरकारले तोकेको सेवाशुल्क मात्र लिन सकिने भनिएको छ ।

प्रस्तावित संशोधनमार्फत सरकारले आवश्यकताअनुसार आफैं श्रमिक पठाउने संस्था स्थापना गर्न सक्ने बाटो पनि खुल्ने बुझिएको छ । यसबाट सरकारको प्रत्यक्ष नेतृत्वमा जिटूजी वा नैतिक भर्तीको नयाँ मोडल विकास हुन सक्ने देखिन्छ । त्यस्तै, वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेम्स)लाई विभिन्न निकायसँग आबद्ध गरी भिसा, रोजगार सम्झौता, स्वास्थ्य परीक्षण, बिमा, सामाजिक सुरक्षा कोष र वैदेशिक रोजगार कल्याणकारी कोष लगायतका विवरणको स्वचालित प्रमाणीकरण तथा जोखिम मूल्याङ्कन गर्ने प्रस्ताव छ ।

⏭ क्रमशः पृष्ठ २ मा

# प्रगतिशील मञ्चको अध्यक्षमा तीन जनाको दाबी



जनक रावल



वैकुण्ठ पौडेल



मिलन कट्टेल

**काठमाडौं(प्रस)-** प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालको अध्यक्षमा तीन जना आकांक्षी देखिएका छन् । शुक्रबार हुने साधारणसभा तथा छैटौं अधिवेशनमा नेतृत्वका लागि मञ्चका वर्तमान अध्यक्ष जनक रावल, महासचिव मिलन कट्टेल र संघका पूर्व तृतीय उपाध्यक्ष वैकुण्ठ पौडेल 'वैभव'ले दाबेदारी प्रस्तुत गरेका छन् ।

दुई कार्यकाल मञ्चको नेतृत्व गरिसकेका रावलले तेस्रोपटक पनि नेतृत्वमा रहने इच्छा देखाएका छन् । विगतमा संघको पदाधिकारीमा दाबी गर्दै आएका महासचिव कट्टेल संस्थाको नेतृत्व सम्हाल्ने दाबेदार बनेका छन् । साथै, संघका निवर्तमान पदाधिकारीसमेत रहेका पौडेल पनि आफ्नो पक्षमा सर्वसम्मत हुनेमा आशावादी छन् । अन्य पदाधिकारीको टुङ्गो शुक्रबार नै लाग्ने जनाइएको छ ।

वैदेशिक रोजगार व्यवसायलाई व्यवस्थित बनाउन आवश्यक नीति तथा कार्यक्रमका विषयमा छलफलका साथै अगामी कार्यदिशा तय गर्न साधारणसभा तथा अधिवेशन गर्न लागिएको जनाइएको छ ।

पृष्ठ १ बाट क्रमशः

## शेखरको साथ...

यो बैठक उहाँको पूर्ण स्वास्थ्यलाभको कामना गर्दछ,' कांग्रेस केन्द्रीय समितिको निर्णयमा भनिएको छ ।

कांग्रेसले देउवाको अभिभावकीय भूमिका खोजेकोसमेत जनाएको छ । 'पार्टी र देशमा विधि र पद्धति स्थापित गर्न लामो संघर्ष गर्नुभएका आदरणीय नेताले विशेष महाधिवेशन मार्फत पार्टीमा आएको वैधानिक परिवर्तनलाई संस्थागत गर्दै समयसापेक्ष र गतिशील नेपाली कांग्रेस निर्माणका लागि निवर्तमान सभापतिका रूपमा अभिभावकीय भूमिका निर्वाह गर्नुहुनेछ भन्नेमा यो बैठक पूर्ण विश्वास व्यक्त गर्दछ,' कांग्रेसको निर्णयमा भनिएको छ। देउवाले आफूले कुनै बदमासी नगरेको दाबीसमेत गरे । 'सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग छ यहाँ पनि, एक पटक आयो, केही छैन भन्यो । दोस्रो पटक आयो केही छैन भन्यो । उसलाई निकालिदियो । यतिसम्म बदमासीपूर्ण काम गरेको छ,' देउवाले गुनासो गरे ।

देउवाले आफूलाई असजिलोमा पार्न पूर्वराजा ज्ञानेन्द्र शाहले त केही गर्न नसकेको भन्दै अरूले सक्छ भनेर प्रश्न गरेका थिए । आफूले जनतालाई मालिक ठानेकोले कसैले केही गर्न नसक्ने देउवाको भनाइ थियो । 'यो देशमा जनता छ । यो देशमा अदालत छ । सबैले जानेबुझेको छ । राजा ज्ञानेन्द्रले त सकेन, अरूले सक्छ यहाँ ?,' देउवाले कड्किए ।

जनताल चाहेर नै गणतन्त्र आएको उल्लेख गर्दै देउवाले आफूले चाहेर केही नहुने बताए । 'म धेरै कुरा गर्ने पक्षमा छैन, संविधान सभाको पहिलो बैठकले नेपालमा गणतन्त्र ल्याएको हो, गणतन्त्र। मैले मात्रै चाहेर ल्याएको हो ? संविधानसभाले ल्याएको हो गणतन्त्र । मैले मात्र चाहेको भए आउने पनि थिएन, मैले चाहेर जाने पनि होइन । नेपाली जनता सबैभन्दा ठूलो हो । जनता मालिक हो । मालिकले जे भन्यो त्यही हुन्छ,' देउवाले भने । देउवा नेपाल आइपुग्नसाथ उनको सचिवालये आफू नेता हैन नागरिक बनेर फर्किएका वक्तव्य जारी गरेको थियो ।

### देउवाको आगमनमा गगनको स्वागत

कांग्रेस सभापति गगन थापाले देउवा स्वदेश फर्केकोमा स्वागत गरेका छन् । केन्द्रीय समिति बैठकमा सम्बोधन गर्दै थापाले देउवालाई पूर्ण स्वास्थ्य लाभको कामनासमेत गरे । गगनको उक्त प्रस्ताव केन्द्रीय कार्यसमितिको निर्णयमासमेत लेखिएको छ । 'नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिको यो बैठक पार्टीका निवर्तमान सभापति एवं पूर्व प्रधानमन्त्री श्री शेरबहादुर देउवा लामो समयको स्वास्थ्य उपचारपछि स्वदेश फर्कनु भएकोमा हार्दिक स्वागत गर्दछ ।

■■■

## क-कसको...

केही हप्ताअघिमात्र सुटुक्क भारत पुगेका कोइराला अहिले कांग्रेस एकताका लागि दौडधुपमा छन् । शेखर आज हुने सभामासमेत देउवासँगै देखिनेछन् । शेखरले भारत भ्रमणको क्रममा प्रधानन्यायाधीश डा मनोजकुमार शर्मासँगसमेत भेटेको बताइएको छ । योसँगै अदालतकोसमेत साथ पाउने देखेपछि देउवा निर्धक्कसाथ कमब्याक भएको स्रोतको दाबी छ । देउवाले डा शेखरलाई नेतृत्व दिने गरी आफू अघि बढ्ने वचन दिएको उक्त स्रोतको दाबी छ । काठमाडौं ओर्लनसाथ जारी विज्ञप्तिमा पनि देउवाले आफू अब नेता हैन नागरिक बन्ने बताएका छन् ।

पछिल्लो परिस्थिति बनेसँगै कांग्रेस सभापति गगनविरुद्ध मोर्चाबन्दीसमेत शुरु भएको छ । उक्त मेसो पाएर गगन मंगलबारमात्र शेखर भेट्न विशालनगर पुगेका थिए । उक्त भेटमा गगनले पार्टी एकतामा साथ दिन शेखरसँग आग्रह गरेका थिए ।

■■■

## वैदेशिक...

संशोधनमा अवैध एजेन्ट तथा इजाजतपत्रबिनै वैदेशिक रोजगारका नाममा ठगी गर्नेमाथि कडा सजायको प्रस्ताव गरिएको छ । जसमा झुठा आश्वासन वा ठगीमार्फत श्रमिक पठाउनेलाई तीनदेखि सात वर्षसम्म कैद र बिगोको तीन गुणासम्म जरिवाना गर्न सकिने प्रस्ताव छ । त्यस्तै, संगठित अपराध गर्ने, अपराध दोहोर्‍याउने वा कीर्ते कागजात प्रयोग गर्नेलाई सातदेखि १२ वर्षसम्म कैद र बिगोको पाँच गुणासम्म जरिवाना प्रस्ताव गरिएको जनाइएको छ ।

गन्तव्य मुलुकमा रोजगारदाताको गैरजिम्मेवारी नियन्त्रण गर्न पनि कालोसूचीको व्यवस्था पनि प्रस्ताव गरिएको छ । तलब नदिने, हिंसा गर्ने, बाध्यकारी श्रममा लगाउने वा श्रमिकको राहदानी नियन्त्रणमा राख्ने रोजगारदातालाई कालोसूचीमा राखेर त्यस्तो कम्पनीमा श्रमिक पठाउन रोक्न सकिने प्रस्ताव छ ।

त्यसैगरी वैदेशिक रोजगार कल्याणकारी कोषको दायरा पनि विस्तार गर्ने प्रस्ताव छ । हाल उद्धार, क्षतिपूर्ति, शव फिर्ता तथा फर्किएका श्रमिकका लागि रोजगारीका कार्यक्रम आदिमा प्रयोग हुँदै आएको कोषलाई उपचार, कानुनी सहायता, महिला हिंसा पीडितका लागि सुरक्षित आश्रय, छात्रवृत्ति, सीप प्रमाणीकरण, पुनःस्थापना तथा पुनःएकीकरणका कार्यक्रमसम्म विस्तार गर्ने प्रस्ताव छ ।

श्रममन्त्री यादवले यसअघि प्रतिनिधिसभामा बोल्दै विद्यमान वैदेशिक रोजगार ऐनले लामो समयदेखि क्षेत्रगत समस्या सम्बोधन गर्न नसकेको भन्दै समयानुकूल संशोधन आवश्यक रहेको बताएका थिए । उनका अनुसार नयाँ कानुनमा डिजिटलाइजेसन र वेब पोर्टलमार्फत भर्ती प्रणाली सुधार गर्ने योजना समेटिएको छ । नेपालका श्रमिक विश्वका १७८ भन्दा बढी मुलुकमा कार्यरत छन् । नयाँ कानुनलाई अन्तर्राष्ट्रियस्तरमा व्यावहारिक बनाउन सरोकारवालासँग परामर्श गरिएको यादवले बताएका थिए ।

# एक महिना मनाउने गुँला पर्व सुरू

**काठमाडौं–** नेवार समुदायले चान्द्रमासअनुसार श्रावण शुक्ल प्रतिपदादेखि भाद्र शुक्ल प्रतिपदासम्म एक महिना मनाउने गुँला पर्व बिहीबारदेखि सुरु भएको छ ।

काठमाडौं उपत्यकालगायत विभिन्न स्थानमा यो पर्व विशेषरूपमा मनाइन्छ । मानव जीवनलाई तुल्याउन नियमलाई पालना गरेर धर्म, कर्मका गर्ने उद्देश्यले यो पर्व मनाइने गरिँदै आएको छ । नेपाल संवत्अनुसार दशौं महिनालाई गुँला भनिन्छ ।

गुँको अर्थ गुण गर्ने, राम्रो एवं गुनिलो काम, अरूको उपकार गर्ने कामलाई जनाउँछ । उक्त पर्वका अवसरमा जुन नियमले जीवनलाई राम्रो गर्छ, त्यसलाई पालना गरिन्छ । उक्त पर्व र यस महिनाका सन्दर्भमा अग्लो खाटमा नसुत्ने, मनोरञ्जन नगर्ने र समयमै भोजन गरिन्छ भने क्षमताअनुसार भित्री मनदेखि दान गर्ने प्रचलन छ ।

यस महिनाभर स्वयम्भू महाचैत्यमा विशेष मेला लाग्ने भएकाले बिहीबार बिहानैदेखि भक्तजन स्वयम्भूनाथ मन्दिर पुगेका पुगेका थिए । राजधानी सहरका विभिन्न भागबाट गुँला बाजा बजाएर स्वयम्भू पुग्ने भक्तजनको प्रत्येक वर्ष यो महिनामा घुइँचो हुन्छ । वर्षभर निधन भएका व्यक्तिको नामबाट श्रृंगभेदी अर्थात् भैंसीको सिङबाट बनेको बाजा बजाएर स्वयम्भू पुग्ने भक्तजन धेरै हुन्छन् ।

काठमाडौं महानगरपालिका-७ चाबहिलका स्थानीय रमेश डंगोल धिमे बाजा, बाँसुरी, पछिमा (ढोलकजस्तै बाजा) बजाएर मन्दिर घुमी गुँला पर्व मनाउने गरिएको सुनाउँछन् । चाबहिलमा चन्द्रविनायक पर्खालभित्रबाट घुम्ने गरिन्छ ।

झरीले रोगव्याधिलगायतको आक्रमण गर्ने भएकाले मन्दिर घुमी प्रार्थना गर्दा शरीर स्वस्थ हुने गरेको उनको अनुभव छ । यो पर्वका अवसरमा मनाइने केपु बाजाको पूजा आराधना गर्ने परम्परा भने पछिल्लो समय जनशक्ति अभावले लोप हुन थालेको छ ।

चाबहिल क्षेत्रमा घरघरमा गरिने यो परम्परालाई हाल यहाँको नाटचश्वरमा बाजा पूजा गरी निरन्तरता दिइएको छ । चाबहिलबाट पनि विगत वर्षदेखि नै महिनाभरमा एक दिन भए पनि फुर्सद मिलाएर विभिन्न थरी बाजा बजाउँदै स्वयम्भू घुम्न जाने गरिँदै आएको उनले सुनाए । *रासस*

**एक्मी बचत तथा ऋण सहकारी संस्था लि**
**ग्रेस अपार्टमेन्ट नारायणचौर नक्साल, काठमाडौं, नेपाल**
**फोन नं.४५४२६३५, ४५४०७७२, E-Mail: oprmgmt@yahoo.com**

### अठारौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**मिति २०८३/०४/२९ गते**

यस एक्मी बचत तथा ऋण सहकारी संस्था लि. को मिति २०८३ साल साउन महिनाको ०८ गते (२४ जुलाई २०२६) मा बसेको संचालक समितिको बैठकको निर्णायनुसार यस संस्थाको अठारौं वार्षिक साधारण सभा संस्थाको कार्यालय, नारायणचौर नक्सालमा मिति २०८३ साल भाद्र महिनाको १८ गते बिहिबार तदनुसार 3rd Sep, 2026 बिनको १५.०० बजे निम्न विषय उपर छलफल हुने हुदाँ सम्बन्धित सबै शेयरधनी महानुभावहरूलाई उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

**छलफलका विषयहरू**

१. संचालक समितिको तर्फबाट अध्यक्षको प्रतिवेदन पारित गर्ने ।
२. आ.व.२०८२/०८३ को लेखापरिक्षणको प्रतिवेदन पारित गर्ने ।
३. आ.व.२०८३/०८४ को लागि लेखापरिक्षकको नियुक्ति र निजको पारीश्रमिक तोक्ने ।
४. संस्थाको तर्फबाट हालसम्मको प्रगति विवरण तथा अनुमानित बजेट अनुमोदन ।
५. संचालक समितिको निर्वाचन र छनौट सम्बन्धमा ।
६. लेखा समितिको छनौट सम्बन्धमा ।
७. निर्णय पुस्तिकामा हस्ताक्षर गर्न शेयर सदस्यहरूबाट प्रतिनिधि छनौट गर्ने ।
८. विविध ।

### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०५९/०५/२५ मा दर्ता कायम भएको **लायन्स इन्टरनेशनल ट्राभल्स एण्ड टुर्स प्रा.लि.** (**प्रा.लि.नं.** २०५१९/०५९/०६०) लाई खारेजी लिक्वडेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८३/०४/२८ गतेको बिशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवं कोहि कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हक दाबि गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**श्री श्रवण कुमार श्रेष्ठ/ लिक्विडेटर**
**इजाजत पत्र नं.** ४०४/**फोन नं.** ९८५१२१७००४

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८३/०४/२९ गते**

यस कम्पनीको मिति २०८३/०४/२१ को साधारण सभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **माँ बहुचरा क्रसर उद्योग प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८३/०४/२६ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **श्री दक्षिणाम्काली क्रसर उद्योग प्रा.लि. (प्रा.लि.नं. २२६६४९)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मिति : २०८३/०४/२९ गते**

यस कम्पनीको मिति २०८३/०४/१४ को साधारण सभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **एस.एण्ड एस.एस कन्स्ट्रक्सन प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८३/०४/२५ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **एस.एण्ड एस.एस कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. (प्रा.लि.नं. ३७७३४३)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मिति : २०८३/०४/२९ गते**

यस कम्पनीको मिति २०८३/०३/२३ को साधारण सभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **कनेक्ट ग्लोब एजुकेशन ग्रुप प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८३/०३/३१ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **सि.जि.इ.जि. ग्लोबल प्रा.लि. (प्रा.लि.नं. १४३४११)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

### लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६०/१२/०३ मा दर्ता भएको **प्रा.लि. नं. २७५८०/०६०/०६१** को **भेन्चर सोलुसन प्रा. लि.** को मिति २०८३/०४/२८ गतेमा सम्पन्न सञ्चालक समितिको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४**
**ठेगाना :त्रिपुरेश्वर, काठमाडौं, फोन नं. ९८५१२१७००४**

### लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७३/०५/०८ मा दर्ता भएको **प्रा.लि. नं. १५४५०० को अनलाईन औषधी प्रा. लि.** को मिति २०८३/०३/३२ गतेमा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः हरि बाबु थापा, इजाजत पत्र नं. ४१८**
**ठेगाना : कागेश्वरी मनोहरा-०९, फोन नं. ९८४११५३११४**

### कर्मचारी हटाईएको सूचना

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस **S.And S.Human Resource Pvt. Ltd.** (इजाजत नम्बरः १२३८/०७४/०७५) मा कार्यरत निम्न कर्मचारीहरू हाल यस कार्यालयबाट राजीनामा दिई कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । निजहरूसँग यस प्रा.लि.को नाममा बैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्नु/नगराउनु हुन यो सूचना प्रकाशित गरिएको छ । साथै निजहरूसँग सम्बन्धित कुनै पनि बैदेशिक रोजगार सम्बन्धी कारोबार वा लेनवदेनबाट यस प्रा.लि. जिम्मेवार हुने छैन । यदि कसैको कुनै दाबी विरोध भएमा ७ (सात) दिनभित्र यस प्रा.लि.वा सम्बन्धित वैदेशिक रोजगार कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| Name | Citizenship No. | Position |
|---|---|---|
| Durga Roka Magar | 49-01-74-03677 | Documentation |
| Manamaya Roka | 49-01-74-1868 | Documentation |
| Rabina Poudel | 66-01-71-02392 | Documentation |

S.And S.Human Resource Pvt. Ltd.
Mahalaxmisthan, Lalitpur, Nepal Tel : +977-1-5423287
Fax : +977-1-5423287, E-mail : sands1238@gmail.com
श्रम ईजाजत नं. १२३८/०७४/०७५

# बाजुरा बाढीपहिरोको उच्च जोखिममा

**बाजुरा–** बाजुरा जिल्ला पहिरोको उच्च जोखिममा परेको छ । भिरालो भूभाग, कमजोर भू-बनावट, नदी कटान तथा अव्यवस्थित सडक निर्माण र जलवायु परिवर्तनको बढ्दो असरका कारण पूरै जिल्ला नै विपद्को उच्च जोखिममा परेको हो ।

जिल्ला विपद् व्यवस्थापन समितिले हालै सार्वजनिक गरेको 'विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८३' अनुसार जिल्लाका नौ वटै स्थानीय तह उच्च जोखिममा रहेका उल्लेख छ । बडीमालिकामा १३ गाउँ, बूढीगंगामा १२, त्रिवेणीमा १६, बूढीनन्दामा २०, गौमुलमा ३५, खप्तड छेडेदहमा १०, जगन्नाथमा चार, स्वामीकार्तिक खापरमा १० र हिमालीमा चार वटा गाउँ पहिरोको चपेटामा रहेको सहायक प्रमुख जिल्ला अधिकारी लक्ष्मण पुडासैनीले जानकारी दिए ।

जिल्ला विपद् प्रतिकार्य योजनाले बाढी पहिरोजस्ता विपद्को उच्च जोखिममा रहेकामध्ये करिब ११५ गाउँबस्ती तत्काल सुरक्षित स्थानमा स्थानान्तरण गर्नुपर्ने जनाएको छ। उक्त बस्ती स्थानान्तरणका लागि हालसम्म कुनै पहल नहुँदा बर्षाको समयमा यहाँको जनजीवन प्रभावित बनेको छ । बूढीगंगा नदीले बडीमालिका, बूढीगंगा, त्रिवेणी नगरपालिका र गौमुल गाउँपालिकाका सयौं परिवारको खेतीयोग्य जमिन कटान गरेर बगरमा परिणत गरेको स्थानीय दीपक बडुवालले जानकारी दिए ।

जोखिम न्यूनीकरणका लागि केवल राहत र उद्धारमा सीमित नभई दीर्घकालीन योजना आवश्यक रहेको सरोकारवालाहरू बताउँछन् । बूढीगंगा नगरपालिकाका नगरप्रमुख रामबहादुर बानियाँले बूढीगंगा नदीले खेतीयोग्य जमिन बगरमा परिणत गराएको बताए । विपद् प्रतिकार्य योजना, २०८३ को तथ्यांकअनुसार जिल्लाभर २०७७ सालयता बाढीपहिरो जस्ता विपद्जन्य घटनामा परी ६२ जनाको मृत्यु भएको छ भने झण्डै एक हजार ७२८ रोपनी खेतीयोग्य जमिन बगरमा परिणत भएको छ ।

जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी डोरेन्द्र निरौलाले बाजुरा विपद्को उच्च जोखिममा रहेको उल्लेख गर्दै बाढीपहिरो, भूकम्प, आगलागीजस्ता विपद्हरूले जुनसुकै बेला पनि ठूलो धनजनको क्षति पुर्‍याउन सक्ने बताए । *रासस*

## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

शुक्रबार, २९ साउन, २०८३

**मेष** केही चुनौती आए पनि धैर्यले समाधान गर्न सकिनेछ। आर्थिक कारोबारमा सावधानी अपनाउनुहोस ।

**वृष** नयाँ अवसर प्राप्त हुनेछन् । यात्राबाट लाभ मिल्न सक्छ भने साथीभाइबाट राम्रो सहयोग पाइनेछ ।

**मिथुन** जिम्मेवारी बढ्नेछ तर मेहनतको उचित मूल्यांकन हुनेछ । आर्थिक पक्ष सकारात्मक रहनेछ ।

**कर्कट** पुराना समस्या समाधानतर्फ जानेछन् । नयाँ काममा सफलता प्राप्त गर्न योजनाबद्ध रूपमा अघि बढ्नुहोस ।

**सिंह** मनमा उत्साह र आत्मविश्वास बढ्नेछ । पारिवारिक सम्बन्ध राम्रो रहनेछ र आर्थिक लाभको सम्भावना छ ।

**कन्या** काममा उत्साह बढ्नेछ । आर्थिक लाभको अवसर मिल्नेछ, तर हतारमा निर्णय नगर्नुहोस् ।

**तुला** रोकिएका काम अघि बढ्नेछन् । परिवारबाट सहयोग मिल्नेछ र आम्दानीको नयाँ बाटो खुल्न सक्छ ।

**वृश्चिक** नयाँ जिम्मेवारी प्राप्त हुन सक्छ । बोलीका कारण विवाद हुनसक्ने भएकाले संयम अपनाउनु राम्रो हुनेछ ।

**धनु** मेहनत अनुसार राम्रो परिणाम प्राप्त हुनेछ । व्यापार तथा आर्थिक क्षेत्रमा सुधार आउने संकेत छ ।

**मकर** महत्वपूर्ण काममा सफलता मिल्नेछ । नयाँ व्यक्ति वा अवसरसँगको सम्पर्क उपयोगी बन्न सक्छ ।

**कुम्भ** कामको चाप बढे पनि उपलब्धि हात लाग्नेछ । अनावश्यक खर्च नियन्त्रण गर्नु राम्रो हुनेछ ।

**मीन** सामाजिक तथा व्यावसायिक क्षेत्रमा प्रतिष्ठा बढ्नेछ । नयाँ योजना सुरु गर्न अनुकूल समय देखिन्छ ।

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२९ साउन, २०८३ (१४ अगस्ट २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ | १५२.२४ | १५२.८४ |
| युरो | १ | १७५.६२ | १७६.३२ |
| पाउन्ड स्टिर्लङ | १ | २०५.७६ | २०६.५७ |
| स्विस फ्रैन्क | १ | १८७.३७ | १८८.११ |
| अस्ट्रेलियन डलर | १ | १०७.५५ | १०७.९७ |
| क्यानाडियन डलर | १ | १०९.२५ | १०९.६८ |
| सिङ्गापुर डलर | १ | ११८.९६ | ११९.४२ |
| जापानी येन | १० | ९.५६ | ९.६० |
| चिनियाँ युआन | १ | २२.५८ | २२.६७ |
| साउदी अरब रियाल | १ | ४०.५५ | ४०.७१ |
| कतारी रियाल | १ | ४१.७६ | ४१.९२ |
| थाई भाट | १ | ४.६० | ४.६२ |
| संयुक्त अरब इमिरेट दिराम | १ | ४१.४५ | ४१.६२ |
| मलेसियन रिङेट | १ | ३७.२६ | ३७.४१ |
| दक्षिण कोरियन वन | १०० | १०.७५ | १०.८० |
| स्विडिस क्रोनर | १ | १५.९६ | १६.०२ |
| डेनिस क्रोनर | १ | २३.४९ | २३.५९ |
| हङकङ डलर | १ | १९.४० | १९.४८ |
| कुवेती दिनार | १ | ४९५.४९ | ४९७.४५ |
| बहराइन दिनार | १ | ४०३.७९ | ४०५.३८ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावीधक विनिमय दर बैंकको वेभसाइट www .nrb .org .np मा उपलब्ध हुनेछ ।

राष्ट्रिय सभा बैठक

# दैनिक उपभोग्य वस्तुको सहज आपूर्तिदेखि रोजगारीसम्मको माग

■ प्रभाव संवाददाता



**काठमाडौं–** राष्ट्रिय सभाका सांसदहरूले सुरसरीलगायत क्षेत्रमा केही समयअघि भएका साम्प्रदायिक हिंसाका घटनाका दोषीउपर कारबाही गरी मुलुकभर शान्ति, सुव्यवस्था कायम गर्न सरकारको ध्यानाकर्षण गराएका छन् । राष्ट्रिय सभाको बिहीबारको बैठकको विशेष समयमा उनीहरूले शान्ति सुरक्षाका साथै दैनिक जीवनका आवश्यकता वस्तुको सहज परिपूर्ति गर्न माग गरे ।

बैठकमा नेपाली कांग्रेसकी सांसद विष्णुकुमारी सापकोटाले नेपाली जनता खाना पकाउने ग्यास, महँगीको मारका परिरहेकाप्रति सरकारको ध्यानाकर्षण गराउँदै मौलिक हकभित्र नै व्यवस्था भएको खाद्य, स्वास्थ्य शिक्षाको अधिकार सुनिश्चित गर्न माग गरिन् । उनले सामाजिक सञ्जालबाट एक अर्कालाई गालीगलौज गर्नेक्रम बढ्दै जानुप्रति चिन्ता व्यक्त गर्दै पवित्र भूमि नेपालमा त्यस्तो असहिष्णुता सहच नहुने बताइन् ।

नेपाली कम्युनिस्ट पार्टीकी सांसद रेणु चन्दले साम्प्रदायिक घटनाका नाममा मधेसमा भएको घटनाको दोषीउपर तत्काल कारबाही गरी उक्त क्षेत्रमा शान्ति, सुव्यवस्था कायम गर्न सरकारको ध्यानाकर्षण गराइन् । उनले पुराना राजनीतिक दलले ३५ वर्षमा केही गरेन भन्ने भाष्यमा यथार्थ नभएको भन्दै यस अवधिमा आर्थिक, शैक्षिक, विकासका धेरै काम भएको अध्ययन गरेर हेर्न आग्रह गरिन् ।

नेकपा एमालेकी सांसद मीना सिंह रखालले सरकारले सार्वजनिक गरेको १०० कार्यसूचीमा नागरिकको जीवनमा प्रत्यक्ष सुधार ल्याउने लक्ष्य राखेको भए पनि सुकुमबासीको व्यवस्थापन प्रभावकारी हुन नसक्दा नागरिक थप पीडामा परेकोप्रति सरकारको ध्यानाकर्षण गराइन् । उनले सरकारको कार्यसम्पादन फाइल र तथ्यांकले नभई नागरिकको जीवनस्तर सुधार, आधारभूत आवश्यकता सहज बनाउन जरुरी भएको बताइन् ।

जनता समाजवादी पार्टी नेपालकी सांसद पूजा चौधरीले स्वास्थ्य सेवा मौलिक हकमै सुनिश्चित भए पनि अहिले पनि नेपालीहरूले उपचार गराउन घरबारी नै बेच्नुपर्ने अवस्था भएको रहेको बताउँदै कतिपय अवस्था उपचार नै गराउन नसकेको अवस्थाप्रति सरकारको ध्यानाकर्षण गराइन् । उनले हाल सरकारी अस्पलतमा गर्भवती र सुत्केरीलाई चाहिने आइरन चक्कीको कमी भएको, रेविजविरुद्धको खोप, सर्पदंशको उपचार हुन नसकेकोप्रति दुःख व्यक्त गरिन् ।

राष्ट्रिय जनमोर्चाका सांसद तुलप्रसाद विश्वकर्माले देशमा महँगी चुलिँदै जाँदा जनता मारमा परेको अवस्थामा ग्यासको कृत्रिम अभाव सिर्जना गर्ने व्यवसायीप्रति कारबाही गर्न सरकारसँग माग गरे । उनले तराईबाट धार्मिक दंगा भड्काउने खालको घटना भएकोप्रति सरकार सचेत भई आगामी दिनमा त्यस्ता कार्य हुनसक्नेतर्फ सचेत हुनुपर्ने माग गरे ।

कांग्रेसका वासुदेव घिमिरले सुकुमबासीको समस्या समाधान हुन नसकेको कृषकलाई समयमै मल र बीउ उपलब्ध हुन नसकेको, न्यायापालिका र व्यवस्थापिका, निजामती कर्मचारीलाई व्यवस्थित बनाउन नसकेको आरोप लगाए । उनले नेपाल सरकारको पूर्णस्वामित्वमा आँखा अस्पताल कुनै पनि नखोलेको भन्दै अहिले दृष्टिविहीनको संख्या ०.२८ प्रतिशत पुगिसकेकोप्रति सरकारको ध्यानाकर्षण गराए । उनले काठमाडौं बाहिर देशका अन्य क्षेत्रहरूमा पनि आँखा अस्पतालहरू स्थापना गर्नुपर्नेमा जोड दिए ।

नेपाली कम्युनिस्ट पार्टीका सांसद विष्णुबहादुर विश्वकर्माले जातीय छुवाछुत अन्त्यको माग गर्दै ८० दिनदेखि माइतीघरमा आन्दोलनर व्यक्तिहरूलाई तत्काल वार्तामा बोलाएर समस्याको समाधान गर्न सरकारसमक्ष आग्रह गरे । नेकपा एमालेकी सांसद रुक्मिणि कोइरालाले अहिले नागरिकले दैनिक जीवनका उपभोग्य वस्तुको अभावमा पीडा पाइरहेको र रोजगारी तथा अध्ययनका लागि विदेश जाने युवाको संख्या अझै बढ्दै गएकोतर्फ सरकारको ध्यानाकर्षण गराइन् । सांसद धर्मेन्द्र पासवानले विभिन्न समस्या र आर्थिक अभावले मुलुकमा आत्महत्या गर्नेक्रम बढेकोप्रति ध्यानाकर्षण गराउँदै विरोध गरेका छन् ।

# १२ सामुदायिक विद्यालयको पूर्वाधार विकास गर्दै कामपा

**काठमाडौं–** काठमाडौं महानगरपालिका (कामपा)ले १२ वटा सामुदायिक विद्यालयको पूर्वाधार विकास तथा सुधारका लागि आवश्यक प्रक्रिया अघि बढाएको छ । त्यसका लागि ६२ करोड २८ लाख रूपैयाँ बराबर खर्च गरिने भएको छ ।

विद्यालयको भौतिक अवस्थालाई प्रचलित मापदण्डअनुसार सुधार गर्न विद्यार्थी संख्या, जग्गाको स्वामित्व, भौगोलिक जोखिम तथा पूर्वाधारको आवश्यकताका आधारमा बजेट उपलब्ध गराइने कामपा शिक्षा विभागले जनाएको छ । सहरी योजना आयोगले गरेको अध्ययनका आधारमा विद्यालयको पूर्वाधार निर्माणका लागि आवश्यक खरिद प्रक्रिया अघि बढाइएको कामपा शिक्षा विभाग प्रमुख नवराज ढकालले जानकारी दिए ।

ढकालका अनुसार प्रत्येक विद्यालयको जिपिएस लोकेसन, विद्यार्थी र जग्गाको अनुपात तथा बाढीजस्ता प्राकृतिक जोखिमको अवस्था पनि अध्ययन गरेपछि मात्र लगानीको प्रस्ताव अघि सारिएको हो । 'सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरलाई प्रतिस्पर्धी र समयको मागअनुसार बनाउन हामीले लगानी बढाएका छौं,' कार्यवाहक प्रमुख सुनिता डंगोलले भनिन्, 'बालमैत्री सिकाइ, प्रविधिमा आधारित कक्षाकोठा, वातावरणीय सुधार र सजावट तथा प्रयोगात्मक अभ्यासका अवसरजस्ता सुविधा समानरूपमा उपलब्ध गराउने हाम्रो योजना छ ।'

शिक्षा विभागका महाशाखा प्रमुख सुशील सुवेदीले विद्यालयको खरिद प्रक्रिया अघि बढाइएको जानकारी दिए । शिक्षा विभागले वडा नं १४ मा रहेको जनविकास माध्यमिक विद्यालय र वडा नं २८ मा रहेको पद्मोदय माध्यमिक विद्यालयको भवन निर्माणको प्रक्रिया अघि बढाएको छ । त्यसका लागि क्रमशः पाँच करोड ६७ लाख ६८ हजार रूपैयाँ र १५ करोड ३५ लाख ७४ हजार रूपैयाँ बजेट विनियोजन गरिएको छ ।

सार्वजनिक निर्माण विभागमार्फत छवटा विद्यालयको पूर्वाधार निर्माणका लागि खरिद प्रक्रिया अघि बढाइएको छ । त्यसअन्तर्गत वडा नं २४ मा रहेको श्री कान्ति ईश्वरी राज्यलक्ष्मी आधारभूत विद्यालयका लागि पाँच करोड ५७ लाख ४९ हजार रूपैयाँबराबरको बजेट उपलब्ध गराइने छ । त्यस्तै, वडा नं २६ मा रहेको शान्ति विद्यागृह माध्यमिक विद्यालयको भवन निर्माणका लागि आठ करोड ५७ लाख ४२ हजार रूपैयाँ बजेट उपलब्ध हुने छ । वडा नं २९ को अटिजम स्कुलका लागि १० करोड ९१ लाख ७९ हजार रूपैयाँ विनियोजन गरिएको छ ।

एक करोड ८३ लाख २९ हजार रूपैयाँबराबरको लागतमा दरबार हाई स्कुलको बहुउद्देश्यीय सभाकक्ष निर्माण गरिने छ । ८४ लाख १२ हजार रूपैयाँको लागतमा महेन्द्र मावि बौद्धको मर्मतसम्भार गरिने भएको छ । नौ करोड ६२ लाख ५४ हजार रूपैयाँको लागतमा कन्या माध्यमिक विद्यालयको छात्रावास तथा कक्षाकोठा निर्माणका लागि खरिद प्रक्रिया सुरु भइसकेको विभागले जनाएको छ । *रासस*

नरसिंह भगवान् मन्दिरको जग्गा बिक्री प्रकरण

# धरानका पूर्वप्रशासकीय अधिकृत खतिवडासहित सात जनाविरूद्ध भ्रष्टाचार मुद्दा

■ प्रभाव संवाददाता

**काठमाडौं–** सुनसरीस्थित नरसिंह भगवान् मन्दिरको नाममा रहेको सार्वजनिक जग्गा नक्कली जग्गाधनी खडा गरी व्यक्तिका नाममा नामसारी र बिक्री गरेको अभियोगमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरेको छ ।

सुनसरीको साविक भदगाउँसिनवारी गाउँविकास समिति (हाल रामधुनी नगरपालिका) मा रहेको नरसिंह भगवान् मन्दिरको कूल १० कट्ठा पाँच धुर जग्गा गैरकानुनीरूपमा कब्जा गरी बिक्री गरेको पुष्टि भएपछि तत्कालीन कर्मचारी, पुजारी तथा बिचौलियासहित सात जनाविरुद्ध मुद्दा दायर गरिएको हो । उक्त जग्गाको हालको न्यूनतम मूल्यांकन ३६ लाख १० हजार रूपैयाँ रहेको छ ।

अख्तियारका अनुसार धरान उपमहानगरपालिका-१४ दुधधारेस्थित उक्त मन्दिरको नाममा रहेको साविक भदगाउँसिनवारी गाविस वडा नं. ४ क, कित्ता नं. १ (पाँच कट्ठा सात धुर) र कित्ता नं. ४ (चार कट्ठा १८ धुर) को जग्गा हडप्न झूटा सर्जमिन मुचुल्का बनाइएको थियो ।

साविक हंसपोसा गाविसबाट २०६४ जेठ ८ गते र धरान नगरपालिका १४ नं. वडा कार्यालयबाट २०६४ माघ ९ गते झूटा नाता प्रमाणित तथा सिफारिसपत्र बनाएर मालपोत कार्यालय सुनसरीमा पठाइएको थियो । त्यसकै आधारमा मालपोत कार्यालयले २०६५ जेठ २१ गते मन्दिरका पुजारी टिर्रु चौधरीको व्यक्तिगत नाममा नामसारी गर्ने निर्णय गरेको अनुसन्धानबाट खुलेको छ ।

अख्तियारले प्रतिवादीहरूको कसुरअनुसार सजाय, बिगो असुल र जफतको मागदाबी गर्दै आरोपपत्र पेस गरेको छ । धरान नगरपालिकाका तत्कालीन प्रशासकीय अधिकृत गणेशप्रसाद खतिवडाविरुद्ध गैरकानुनीरूपमा जग्गा नामसारी गर्न सहयोग गरेको कसुरमा ३६ लाख १० हजार रूपैयाँ बिगो कायम गरी कैद, जरिवाना र बिगो असुलउपर गर्न मागदाबी गरिएको छ । साविक हंसपोसा गाविसका तत्कालीन अध्यक्ष/सचिव कपिलमणि दाहाललाई झूटा कागजात मिलाएबापत पाँच हजार रूपैयाँ घुस लिएको र भ्रष्टाचारजन्य कसुर गरेकाले ३६ लाख १० हजार रूपैयाँ बिगोका साथै घुस रकम जफत र कैद/जरिवानाको मागदाबी गरिएको छ ।

मालपोत कार्यालय सुनसरीका तत्कालीन मालपोत अधिकृतहरू तथा नासु (हाल अवकाशप्राप्त) सुशील वैद्य, तुंगनाथ भण्डारी र केदार बहादुर कार्कीविरुद्ध पनि ३६ लाख १० हजार रूपैयाँ बिगोका साथै घुस रकम जफत र कैद/जरिवानाको मागदाबी गरिएको छ । नक्कली जग्गाधनी बनी मतियारको भूमिका खेलेको र घुस दिएको कसुरमा मन्दिरका पुजारी टिर्रु चौधरी र स्थानीय जग्गा कारोबारी पंकज घिमिरेलाई समेत मुख्य कसुरदारसरहकै बिगो र कैद सजाय मागदाबी गरिएको छ ।

यसैगरी धरान नगरपालिका-१४ का तत्कालीन वडासचिव उत्तम आलेलाई झूटा कागजात र सिफारिस तयार गरेको कसुरमा कैद र जरिवानाको मागदाबी गरिएको आरोपपत्रमा उल्लेख छ । हाल भोगचलन गरिरहेकी भागमैन थरुनीको नाममा रहेको उक्त जग्गा जफत गरी पुनः नरसिंह भगवान् मन्दिरकै नाममा फर्काउन अख्तियारले माग गरेको छ ।

# ग्यासको अनावश्यक मौज्दात नराख्न आयल निगमको आग्रह

**काठमाडौं–** नेपाल आयल निगमले होटल, रेस्टुरेन्ट, पार्टी प्यालेसलगायत व्यावसायिक प्रतिष्ठानलाई आवश्यकताभन्दा बढी एलपी ग्यास सिलिन्डर मौज्दात नराख्न आग्रह गरेको छ । निगमले २०८३ असार ३१ गतेदेखि बजारमा १४.२ किलोग्रामको भरी सिलिन्डर बिक्रीवितरण भइरहेको जनाएको छ । साविकको तुलनामा करिब २० प्रतिशत बढी ग्यास आयात तथा बिक्रीवितरण भइरहेको भए पनि सर्वसाधारण उपभोक्ताले बजारमा सहज रूपमा ग्यास नपाएको गुनासो आएको निगमले जनाएको छ । निगमको द्रुत प्रतिक्रिया डेस्कमा प्राप्त उजुरी तथा सूचनाका आधारमा गरिएको बजार अनुगमनका क्रममा केही होटल, रेष्टुरेन्ट, पार्टी प्यालेसलगायत व्यावसायिक प्रतिष्ठानमा आवश्यकताभन्दा बढी ग्यास सिलिन्डर मौज्दात राखिएको पाइएको थियो । *रासस*


## कालिन्चोक हाइड्रोपावर लिमिटेड
## Kalinchock Hydropower Limited

**रजिष्टर्ड ठेगाना:** काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. ३, रानीबारी, काठमाण्डौ, नेपाल, फोन न. ०१-४९५८३३२
Email: kalinchwokhydro@gmail.com, Website: www.khpl.com.np

## Unaudited Financial Results (Quarterly)
4th Quarter of financial Year 2082/83

**Balance Sheet as on Ashadh 32, 2083 (Unaudited)**

| Particulars | Current Quarter Ending Ashadh 32, 2083 | Previous Quarter Ending Chaitra 30, 2082 | Corresponding Previous Year Quarter Ending Ashad 32, 2082 |
|---|---|---|---|
| ASSETS | | | |
| Non-Current Assets | | | |
| Property, Plant and Equipment | 2,486,606 | 2,788,041 | 3,460,840 |
| Intangible Assets Under Development | 1,201,221,698 | 1,016,232,687 | 821,236,814 |
| Intangible Assets Under IFRIC 12 | 60,061,085 | 50,811,634 | 41,061,841 |
| Trade and Other Receivables | 27,897,599 | 27,880,710 | 15,365,143 |
| Total Non-Current Assets | 1,291,666,988 | 1,097,713,073 | 881,124,638 |
| Current Assets | | | |
| Trade and Other Receivables | 73,758,870 | 95,233,690 | 80,298,011 |
| Cash and Cash Equivalents | 8,499,319 | 14,223,228 | 7,791,403 |
| Current Tax Assets | - | - | 152,469 |
| Total Current Assets | 82,258,189 | 109,456,918 | 88,241,883 |
| TOTAL ASSETS | 1,373,925,178 | 1,207,169,991 | 969,366,521 |
| EQUITY AND LIABILITIES | | | |
| Equity | | | |
| Share Capital | 550,000,000 | 412,500,000 | 330,000,000 |
| Staff Share | - | 1,650,000 | - |
| Retained Earnings and Reserves | 34,688,175 | 28,624,814 | 21,406,683 |
| Total Equity | 584,688,175 | 442,774,814 | 351,406,683 |
| Liabilities | | | |
| Non-Current Liabilities | | | |
| Loans and Borrowings | 645,948,622 | 645,948,622 | 539,624,024 |
| Trade and Other Payables | 25,783,317 | 17,677,516 | 16,152,052 |
| Total Non-Current Liabilities | 671,731,938 | 663,626,137 | 555,776,076 |
| Current Liabilities | | | |
| Loans and Borrowings | - | - | 16,275,000 |
| Lease Liabilities | 557,286 | 557,286 | 567,252 |
| Trade and Other Payables | 116,947,779 | 100,211,753 | 45,341,510 |
| Total Current Liabilities | 117,505,065 | 100,769,039 | 62,183,762 |
| Total Liabilities | 789,237,003 | 764,395,177 | 617,959,837 |
| TOTAL EQUITY AND LIABILITIES | 1,373,925,178 | 1,207,169,991 | 969,366,521 |

**Unaudited Statement of Profit or Loss and Other Comprehensive Income**
For the year ended 32nd Ashadh 2083 (16th July, 2026)

| Particulars | Current Quarter Ending Ashadh 32, 2083 | Previous Quarter Ending Chaitra 30, 2082 | Corresponding Previous Year Quarter Ending Ashad 32, 2082 |
|---|---|---|---|
| Revenue From Operations | - | - | - |
| Other Income | 16,014 | 11,509 | 1,154,334 |
| As per IFRIC 12 | | | |
| Construction Revenue as per IFRIC 12 | 194,238,461 | 50,526,511 | 518,253,152 |
| Construction Expenses as per IFRIC 12 | (184,989,011) | (48,120,487) | (493,574,431) |
| Total Income | 9,265,464 | 2,417,534 | 25,833,056 |
| Operating Expenses | - | - | - |
| Employee Benefit Expenses | - | - | - |
| Administrative Expenses | 2,900,669 | 932,469 | 1,168,635 |
| Depreciation, Amortization & Impairment of Assets | 301,435 | 301,435 | 1,250,853 |
| Finance Costs | - | - | 72,091 |
| Total Expenditure | 3,202,104 | 1,233,904 | 2,491,579 |
| **Profit/(Loss) Before Tax** | 6,063,361 | 1,183,630 | 23,341,477 |
| Income Tax Expense | - | - | - |
| **Profit/(Loss) from continuing operations** | 6,063,361 | 1,183,630 | 23,341,477 |
| Profit /(Loss) on Discontinued Operations (Net of tax) | - | - | - |
| **Net Profit/(Loss) For The Year** | 6,063,361 | 1,183,630 | 23,341,477 |

Notes:
1. The financial Statements are prepared as per the Nepal Financial Reporting Standards (NFRS).
2. The Unaudited Financial figures are subject to change from external auditors and regulatory authorities.

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची १४ बमोजिमको विवरण (नियम २६ को उपनियम १ सँग सम्बन्धित)

**कालिन्चोक हाइड्रोपावर लिमिटेडका आ.ब.२०८२/०८३ को चौथो त्रैमासिक अबधिको विवरण**

१. **वित्तीय विवरण**
(क) त्रैमासिक अबधिको वासलात, नाफा/नोक्सान सम्बन्धि विवरण र प्रमुख बित्तिय अनुपातहरु यसै साथ संग्लन गरिएको छ ।
(ख) प्रमुख बित्तिय अनुपातहरु

| | | | |
|---|---|---|---|
| प्रति शेयर आम्दानी (रु.) | १.१० | पि/इ रेसियो (बजार मूल्य आधारमा) | ८३०.८९ |
| प्रति शेयर बजार मूल्य (रु.) | ९१६ | प्रति शेयर नेटवर्थ (रु.) | १०६.३१ |
| प्रति शेयर कुल सम्पतिको मूल्य | २४९.८० | तरलता अनुपात | ०.७० |

(ग) सम्बन्धित पक्षसंगको कारोबार
यस अवधिमा सम्बन्धीत पक्षहरु संग कुनै कारोवार नरहेको ।

२. **व्यवस्थापकीय विश्लेषण**
(क) त्रैमासिक अवधिमा संस्थाको मौजदात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सो को प्रमूख कारण सम्बन्धी विवरण : संस्थाको जलविद्युत आयोजना निर्माण सम्पन्न भैसकेको छ । माथि उल्लेखित आम्दानी NFRS को IFRIC-12 को समायोजनबाट सिर्जना भएको हो । संस्थाको चालु सम्पत्ती गत त्रैमासिक अवधिको अन्त्यमा भन्दा २५% ले घटेको र चालु दायीत्व १७% ले बढेको छ ।
(ख) आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण : संस्थाको दोलखा जिल्ला स्थित "साँगु (सोरुन) खोला जलविद्युत आयोजना (५ मेगावाट)" को निर्माण कार्य सम्पन्न भई परिक्षण कार्य भैरहेको छ । व्यवसायिक योजना अनुरुप नै कामहरु भइरहेका छन् ।
(ग) विगतको अनुभवबाट, संगठित संस्थाले वा संस्थाको मौजदात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्नसक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण : सो नभएको ।

३. **कानुनी कारबाही सम्बन्धि विवरण**
(क) यस अबधिमा कम्पनीले वा कम्पनी बिरुद्धमा कम्पनीको व्यवासयिक कारोबार सम्बन्धमा कुनै पनि मुद्धा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन ।
(ख) यस अबधिमा कम्पनीका संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालक बिरुद्धमा कुनै पनि मुद्धा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन ।

४. **संगठित संस्थाको शेयर कारोबार सम्बन्धि विश्लेषण**
धितोपत्र बजारमा संस्थाको शेयर कारोवार नियमानुसार सामान्य प्रकृयाबाट नै भएको छ ।

५. **समस्या तथा चुनौती**
विद्यमान अवस्थामा कुनै समस्या र चुनौतीहरु नदेखिएको तथापी कम्पनीमा आइपर्ने चुनौती तथा समस्याहरुका बारे संचालक समितिले उचीत समयमा नै विश्लेषण तथा छलफल गरि रणनिती बनाई सो को निराकरणको उपायहरु अवलम्बन गर्ने गरेको छ ।

६. **संस्थागत सुशासन**
कम्पनीले आर्थिक कारोवारलाई आर्थिक विनियम अनुसार र प्रशासनिक कार्यलाई ब्यवस्थित गर्न कर्मचारि विनियम बनाइ सोही वमोजिम कार्यान्वयन गरिएको छ । साथै सम्पूर्ण कार्यलाई थप व्यवस्थित र पारदर्शी बनाउन आन्तरिक र बाह्य लेखा परीक्षण कार्यलाई नियमित गरिएको छ ।

७. **सत्य तथ्यता सम्बन्धमा प्रमुख कार्यकारी अधिकृतको उद्घोषण**
आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धताका सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै, म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# ग्यास कहाँ पाइन्छ सरकार ?

सरकारले बिहीबार दिउँसो न्याडिसन होटलमा छापा मारेर १८४ थान खाना पकाउने ग्यास भएको सिलिन्डर लुकाएर राखेको भन्दै प्रचार गऱ्यो। एउटा होटलमा यति थान ग्यास हुनु सामान्य विषय भए पनि सरकार यसलाई अतिरञ्जना गर्न पछि परेन। पछिल्लो दिन खाना पकाउने ग्यास नपाएर सर्वसाधारण आजित छन्। यस्तो अवस्थामा सरकार चौतर्फी आलोचना शुरु भएको छ। अहिले सर्वसाधारण एक सिलिन्डर ग्यासका लागि हप्ता दिनसम्म भौतारिएर हिंड्नु परेको छ। सरकाले भने ग्यासै नदिने डिपोहरूको नम्बर सार्वजनिक गरेर हाइसन्चो मानेर बसेको छ।

हुन त सत्तारुढ दलकै सांसद्हरूले बालुवाटार र मन्त्री क्वाटरमा ग्यास छ कि छैन भनेर संसदमै प्रश्न सोधेका थिए। यो प्रश्नको जवाफ न त प्रधानमन्त्री वालेन्द्र शाह बालेनले दिएका छन् न त मन्त्रीहरूले नै। बरु उनीहरू ग्यास आपूर्तिको विषय छाडेर नयाँ नयाँ स्टन्टको खोजीमा पो निस्किएका छन्।

नेपालमा खाना पकाउने एलपीजी ग्यासको अभाव र अव्यवस्थित आपूर्ति नागरिकका लागि नयाँ नियति होइन। तर बालेन राज्यमा पनि देशभर ग्यासको चरम समस्या देखियो। मेचीदेखि महाकालीसम्मका ग्रामीण तथा सहरी क्षेत्रमा सर्वसाधारण ग्यास सिलिन्डरका लागि लाइनमा बस्नुपर्ने र कृत्रिम अभावका कारण महँगो मूल्य तिर्न बाध्य हुनुपर्ने अवस्था उस्तै छ। सुशासनको नारा दिएर सत्तामा आएको बालेन सरकारले नागरिकको चुलोसँग जोडिएको आधारभूत समस्यामा ध्यान दिनुपर्ने हो।

तर बालेन सरकार कानमा तेल हालेर बसेको देखिन्छ। बजार अनुगमनलाई काठमाडौंमामात्र सीमित देशभरका साना–ठूला वितरकहरूसम्म सशक्त रूपमा पुऱ्याउनुपर्ने अहिलेको समय हो। एलपीजी ग्यासमाथिको वैदेशिक निर्भरता घटाउनु स्थायी समाधान हो। देशमै उत्पादन भइरहेको जलविद्युतको अधिकतम प्रयोग गरी घर–घरमा विद्युतीय चुलो (इन्डक्सन) को पहुँच बढाउने नीति सरकारले लिनुपर्छ। यसका लागि विद्युत महसुलमा छुट दिने, विपन्न वर्गका लागि विद्युतीय चुलो वितरणमा अनुदान दिने र देशभरको विद्युत वितरण प्रणाली (भोल्टेज र ट्रान्सफर्मर) लाई सुदृढ बनाउन ऊर्जा मन्त्रालय तथा प्राधिकरणलाई स्पष्ट निर्देशन दिनु आवश्यक छ।

नागरिकले नयाँ सरकारबाट केवल प्रशासनिक सुधार वा नीतिगत घोषणा मात्र होइन, आफ्नो भान्सासम्म महसुस हुने प्रत्यक्ष राहत खोजेका छन्। जनताको चुलो बल्न ढिलाइ हुनु भनेको सरकारप्रतिको विश्वास घट्नु हो। ग्यासको सास्ती हटाउन प्रधानमन्त्री बालेनले सम्बन्धित मन्त्रालय, आयल निगम, उद्योगी र स्थानीय तहहरूसँग बलियो समन्वय गरी तुरुन्त ठोस कदम चालोस्।

## श्रम सरोकार

### साउदी अरेबियामा रहेका नेपालीहरूले अपनाउनुपर्ने सावधानी

पछिल्ला दिनहरूमा साउदी अरेबियाका केही दूरसञ्चार कम्पनीहरूका प्रतिज्ञापत्रहरूका प्रावधानहरू कार्यान्वयनका नाममा हुने गरेका विभिन्न किसिमका ठगी बढेको पाइएको छ। जसमा धेरै नेपालीहरू आफूले लिँदै नलिएको वित्तीय दायित्वको झमेलामा परी कानुनी कारबाहीमा पर्दै आएको साउदीस्थित नेपाली दूतावासले जनाएको छ। अनधिकृत व्यक्तिहरूबाट सिमको खरिद गर्दा र आफ्ना व्यक्तिगत विवरणहरू जथाभावी बाँड्दा यस्ता घटनाहरू घटेका हुनसक्ने भन्दै दूतावासले निम्न सावधानी अपनाउन अपिल गरेको छ।

**मोबाइल सेवा खरिद गर्दा सावधानी अपनाउने**

खुला पसलहरू वा अनधिकृत डिलरहरूबाट सिमकार्ड नकिन्ने। मोबाइल सिम कार्ड, इन्टरनेट सेवा, वा किस्ताबन्दी योजनाहरू खरिद गर्दा सम्झौताका सर्तहरू ध्यानपूर्वक अध्ययन गर्ने। सेवा प्रदायक वा एजेन्टहरूसँग माथि उल्लिखित विषयमा सम्झौता गर्दा आफ्नो जानकारीको दुरूपयोग नहुने कुरा सुनिश्चित गर्ने।

**आफ्नो व्यक्तिगत जानकारी र कागजातहरू सुरक्षित राख्ने**

आफ्नो इकामा, राहदानी, बैंक विवरण वा अन्य व्यक्तिगत कागजातहरू अनावश्यकरूपमा कसैलाई नदिने। यदि कोही कसैले तपाईंको इकामा मागेमा मागिएको विवरणहरू किन आवश्यक छ भनी पहिले राम्रोसँग बुझ्नुहोस्। तपाईंको कम्पनी वा अन्य कुनै निकाय वा व्यक्तिले कुनै कागजमा तपाईंलाई हस्ताक्षर गर्न भनेमा त्यसमा लेखिएको व्यहोरा बुझेर उचित लागेमा मात्र हस्ताक्षर गर्नुहोस्।

**अब्शेर खाताको जानकारी सुरक्षित राख्ने**

आफ्नो अब्शेर खाताको विवरण, पासवर्ड, वा ओटिपी कसैलाई पनि नदिने। अपरिचित व्यक्तिलाई तपाईंको अबशेर खाता खोल्न, अपडेट गर्न, वा परिवर्तन गर्न सहयोग नमाग्नुहोस्। कसैले सहयोग गर्छु भने पनि त्यस्तो व्यक्तिको सहयोग नलिने। आफ्नो मोबाइल फोन कसैलाई पनि नदिने। प्रायोजक (स्पोन्सर), एचआर कर्मचारी, वा अन्य जो सुकै भए पनि आफ्नो फोनको प्रयोग गर्न अरुलाई नदिने। उनीहरूले तपाईंको जानकारी दुरूपयोग गर्न वा ठगीका लागि प्रयोग गर्न सक्छन्।

# ओखलढुंगाका जालपादेवी र सुकुमालादेवी मन्दिर इतिहास, आस्था र संरक्षणको पर्खाइ



❑ अर्जुन घिमिरे

> यी मन्दिरका देवदेवीसँग आफ्नो कामका लागि भाकल गर्दा सो भाकल पुग्ने जनविश्वास पनि कायमै छ। समुद्र सतहदेखि करिब १२०० मिटरको उचाईमा अति नै स्वच्छ र रमणीय वातावरण भएको हुँदा जो कोहीलाई पनि यस ठाउँले लोभ्याउँछ। मन्दिरको वरपर विभिन्न प्रकारका रूख तथा सल्ला सुसाउँदा एक प्रकारको संगीतमय वातावरण सृजना हुन्छ। यसैगरी ऋतुअनुसारका फलफूल फल्ने, फूल फुल्ने र केही माथि कालिकादेवी डामडाँडा वरपर फागुन महिनामा फुल्ने गुराँसले त झन मनै लोभ्याउने वातावरण बन्छ।

ओखलढुंगा जिल्लाको चम्पादेवी गाउँपालिका-६ मा अवस्थित दुईवटा मन्दिरको संक्षिप्त इतिहास र हालको अवस्था यो लेखमा समावेश गरेको छु। एकै ठाउँमा स्थापित यी दुई मन्दिरको महत्त्व, जनश्रुति, मन्दिरप्रतिको श्रद्धाभाव र जनविश्वास, यसको संरक्षणमा गरिँदै आएका प्रयासहरू र आगामी दिनमा यसको संरक्षण तथा प्रवर्द्धनमा गर्नुपर्ने कामहरू यहाँ प्रस्तुत गरेको छु। कुनै पनि मठमन्दिरको आफ्नै महत्त्व रहन्छ। पुर्खाहरूले स्थापना गरेका मठमन्दिरको संरक्षण गर्ने जिम्मेवारी हामी सबैको हो भन्ने सन्देश सरोकारवाला सबैमाझ पुऱ्याउने उद्देश्य लेखको रहेको छ।

## संक्षिप्त इतिहास

### जालपादेवी मन्दिर

कोशी प्रदेशअन्तर्गत ओखलढुंगा जिल्लाको चम्पादेवी गाउँपालिका-६ (साविकको फूलबारी गाउँपालिका-६) जल्किनीमा बसोबास गर्ने घिमिरे







वंशका नवौं पुस्ताका जयनारायण घिमिरेका तीन भाइ छोरा (प्रतिमान घिमिरे, षडानन्द घिमिरे र भक्तिविलास घिमिरे) थिए। जनश्रुतिअनुसार प्रतिमान र षडानन्दलाई बेलाबेलामा काम्ने वा लामो समयसम्म शरीरमा देउता चढेजस्तो भएको महसुस हुँदो रहेछ।

यसरी बेलाबेलामा शरीर काम्ने भएको हुँदा सिमेभूमे वा अन्य देवदेवीको पूजा गर्दासमेत निको नभएपछि जान्ने धामीको खोजी भएछ। धामी खोज्दै जाँदा ओखलढुंगा जिल्लाको लेक, खिजी कात्तिकेतिरका सुनार जातिका धामी बोलाएर पूजापाठ गरी देवी स्थापना गरी देवीको नाम 'जालपा' राखी यस मन्दिरको स्थापना भएको पाइन्छ। यसरी धामीले विधिपूर्वक पूजापाठ गरी देवी स्थापना भएपछि शरीर काम्न रोकिएको बताइन्छ।

देवीको शक्तिअनुसार १०औं पुस्ताका प्रतिमान, ११औं पुस्ताका नारायणप्रसाद, लिलानाथ, भवनाथ घिमिरेलगायतबाट गाउँघरका मानिस वा पशुहरूमा बेचैनी भएमा झारफुक वा भूत प्रेत पन्छाउने चलनसमेत रहेको पाइन्छ। यस मन्दिरलाई स्थापना गरी धार्मिक आस्था राख्ने प्रतिमानले जल्किनीमा आफ्नै घरमा धार्मिक कार्यलाई निरन्तरता दिएका थिए। उनको घरमा बेलाबेलामा भजनकीर्तन, नाचगान हुने गर्दथ्यो।

धार्मिक कार्यमा अग्रसर रहने प्रतिमानले टाढा टाढाबाट हिँडेर आवतजावत गर्ने बटुवाहरूका लागि आराम होस् भन्ने उद्देश्य राखी यसै जल्किनी गाउँको भालटाडमा वर-पीपल रोपेर चौतारासमेत निर्माण गरेका थिए। उनले रोपेका वर-पीपल एकआपसमा अग्लो भई त्यस ठाउँको शोभा बढाउनुका साथै वातावरणीय पर्यावरणमा ठूलो टेवा पुगेको छ। साथै, उक्त ठाउँमा पहिरोको रोकथामका लागि पनि वर-पीपलको रुखले महत्त्वपूर्ण टेवा पुगेको पाइन्छ।

प्रतिमान घिमिरे धार्मिक कार्यमामात्र सीमित रहेको भन्न मिल्दैन। उनी काष्ठकलामा वास्तुकला मिलाई विभिन्न किसिमका स्थानीयस्तरमा प्रयोग हुने घरायसी फर्निचर बनाउने कामसमेत गर्थे। स्वच्छ पानी पिउन सजिलो होस् भन्ने उद्देश्य राखी उनले काठको धारालाई कलात्मक बुट्टा भरी निर्माण गरेको धारा ठाउँ-ठाउँमा राखिएको थियो।

त्यसैगरी यो मन्दिरका जानकार देवीबहादुर खत्री घिमिरेको भनाइ तथा जनश्रुतिअनुसार करिब ७५ वर्ष अगाडि (वि.सं. २००८) तिर मन्दिर स्थापना भएको अनुमान छ। अहिले यो मन्दिर स्थापनापश्चात् चार पुस्तामा कायम रहेको छ।

### सुकुमालादेवी मन्दिर

चम्पादेवी गाउँपालिका-६ जल्किनीमा बसोबास गर्ने घिमिरे खत्री वंशका नवौं पुस्ताका प्रेमबहादुर खत्री घिमिरेका चार भाइ छोरामध्ये देवीबहादुर खत्री घिमिरेलाई बेलाबेलामा काम्ने वा लामो समयसम्म शरीरमा देउता चढेजस्तो महसुस भएको हुँदा सिमेभूमे वा अन्य देवदेवीको पूजा गर्दासमेत निको नभएपछि जान्ने धामीको खोजी गर्दै जाँदा यसै ओखलढुंगा जिल्लाको फेदीखोलाका कार्की थरका धामी बोलाएर पूजापाठ गरी देवी स्थापना गरेर मन्दिरको नाम सुकुमालादेवी राखिएको पाइन्छ। यसरी धामीले विधिपूर्वक पूजापाठ गरी देवी स्थापना भएपछि काम्ने भएन भनिन्छ।

जनश्रुतिअनुसार यी मन्दिरमा भाकल गर्दा आफूले चिताएको पुग्ने पनि जनविश्वास रहेको छ। यो मन्दिर निर्माण तथा संरक्षक वा जानकार स्वयं देवी बहादुरखत्री घिमिरेको भनाइ तथा जनश्रुतिअनुसार करिब ५० वर्ष अगाडि (वि.सं. २०३३) तिर स्थापना भएको अनुमान छ। अहिले यो मन्दिर स्थापनापश्चात् तीन पुस्तामा कायम रहेको छ।

### मन्दिर स्थापना भएको स्थान

जालपा र सुकुमालादेवीका मन्दिर एकै ठाउँमा रहेका छन्। तर मन्दिरलाई छुट्टाछुट्टै तरिकाले ढुंगाको गारो लगाएर संरक्षण गरिएको पाइन्छ। यी मन्दिर दुईवटा खोल्सीको संगमस्थानको बीचमा खुला ठाउँको रमणीय वातावरण भएको ठाउँमा स्थापना गरिएको छ। गाउँपालिकाको केही रकम र जनश्रमदानबाट जालपा र सुकुमालादेवीको मन्दिरमा केही वर्ष अगाडिमात्र पर्खालले घेराबारा गरिएको छ। बजेट कम भएको हुँदा मन्दिरलाई उचित तरिकाले निर्माण गर्न सकिएको छैन। यी मन्दिरलाई निर्माण गर्न गाउँपालिकाका बजेटका लागि माग गरिएको छ।

### मन्दिरमा पूजापाठ गर्ने प्रथा

जालपा र सुकुमालादेवी मन्दिरमा नियमितरूपमा पूजापाठ गर्ने समय, तिथि, मिति तोकिएको छैन। यद्यपि, बेलाबेलामा पूजापाठ गर्ने चलन कायमै छ। यी मन्दिरमा बलि दिने चलन छैन। दूध-घिउजन्य पदार्थबाट पूजा गरिन्छ। महिनावारी भएका महिला त्यस समयमा उक्त मन्दिर जान मिल्दैन भन्ने परम्परा कायमै रहेको पाइन्छ।

### मन्दिरमा कसरी पुग्ने ?

संघीय राजधानी काठमाडौंबाट यो मन्दिरमा जान अरनिको यातायातको बसमामार्फत काठमाडौबाट सीधै घोराखोरीमा पुगिन्छ। बसबाट ओर्लेपछि करिब ४० मिनेट पैदल हिँडेर मन्दिरमा पुग्न सकिन्छ।

### मन्दिरमा जान अझै सहज बन्दै

अहिले चम्पादेवी गाउँपालिकास्थित नवलपुरघाट-सिल्खुवेसी-जल्केनी-घोराखोरी जोड्ने सडक विस्तार हुँदै छ। उक्त सडक निर्माणपश्चात् त्यहाँबाट चल्ने सवारीसाधनबाट जल्केनीमा ओर्लेपछि सहजैसँग मन्दिरमा पुग्न सकिने छ। जल्किनीको जुनसुकै ठाउँबाट मन्दिरमा १५ मिनेटमा पुग्न सकिन्छ।

## प्रचारप्रसार तथा जनविश्वास कायम गर्ने

यस पवित्र ठाउँका पुर्खाहरूले स्थापना गरेका जालपा र सुकुमालादेवीको बारेमा व्यापक प्रचारप्रसार गर्न आवश्यक देखिन्छ। यस मन्दिरको बारेमा प्रचारप्रसार गरी धार्मिक भक्तजनहरूसमक्ष जानकारी पुऱ्याउन सकेमा भविष्यमा भक्तजनहरूको आगमन बढ्ने अनुमान गर्न सकिन्छ।

यहाँ अवस्थित मन्दिरका देवदेवीसँग आफ्नो कामका लागि भाकल गर्दा सो भाकल पुग्ने जनविश्वास पनि कायमै छ। समुद्र सतहदेखि करिब १२०० मिटरको उचाईमा अति नै स्वच्छ र रमणीय वातावरण भएको हुँदा जो कोहीलाई पनि यस ठाउँले लोभ्याउँछ। मन्दिरको वरपर विभिन्न प्रकारका रुख तथा सल्ला सुसाउँदा एक प्रकारको संगीतमय वातावरण सृजना हुन्छ। यसैगरी ऋतुअनुसारका फलफूल फल्ने, फूल फुल्ने र केही माथि कालिकादेवी डामडाँडा वरपर फागुन महिनामा फुल्ने गुराँसले त झन मनै लोभ्याउने वातावरण बन्छ।

यी पवित्र मन्दिरलाई आधुनिक संरचना निर्माण गरेर संरक्षण तथा प्रवर्द्धन गर्नुपर्ने देखिन्छ। विगतमा स्थानीय तहबाट मन्दिर निर्माणका लागि छुट्याएको बजेटले निर्माण सम्पन्न हुन सकेन। त्यसैले स्थानीय तहसँग बजेट माग गरेर बाँकी निर्माण कार्यका लागि पहल गर्नुपर्ने देखिन्छ। यस्ता मन्दिरको संरक्षण गर्ने दायित्व गाउँपालिकाको पनि भएको हुँदा स्थानीय जनप्रतिधिहरूको ध्यान यसतर्फ जानु आवश्यक छ।

## पाठक मञ्च

# पुरानै ढर्रामा नयाँ सरकार र सांसद

गत फागुन २१ गते प्रतिनिधिसभा सदस्य निर्वाचन भयो। २७५ मध्ये १८२ सिट राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले जित्यो। त्यसपछि चैत १३ गते रास्वपाका वरिष्ठ नेता वालेन्द्र साह प्रधानमन्त्री बने। उनी प्रधानमन्त्री बनेको पाँच महिना लागेको छ।

झण्डै दुईतिहाइ बहुमत प्राप्त एकल सरकारले काम गर्न नसकेको भन्दै आलोचना भइरहँदा रास्वपा सांसदहरूबाटसमेत जनता निराश हुन पुगेका छन्। गत साउन २६ गतेको प्रतिनिधिसभा बैठकमा उद्योगमन्त्री गौरीकुमारी यादवले खानीसम्बन्धी विधेयक पेस गरिन्।

तर, गणपूरक संख्या नै नपुगेपछि विधेयक पारित हुन सकेन। २७५ मध्ये ६१ जना सांसदमात्रै सदनमा उपस्थित थिए। जबकि, विधेयक पारित गर्न १६९ जना सांसद चाहिन्छ। निर्वाचन भएको छ महिना हुन लागेको छ। यस अवधिमा सदनबाट एक दर्जन पनि विधेयक पास भएको छैन। निर्वाचन गराउँदा राज्यको २० अर्ब रूपैयाँ खर्च भएको छ। सांसदसहित संसद्का कर्मचारीको तलबभत्तालगायत सेवा सुविधामा दैनिक करोडौं रकम खर्च हुने गरेको छ। सांसदको काम कानुन निर्माण गर्नु हो। दुर्भाग्य, त्यसप्रति अहिलेका सांसदहरू जिम्मेवार देखिँदैनन्। सभामुख डोलप्रसाद अर्याल पनि सत्तापक्ष निकट भएकोले न सांसदहरूई कडा निर्देशन दिन सक्छन् न सरकारलाई रुलिङ नै।

यता, प्रधानमन्त्री वालेन्द्र पनि मुलुक र जनताप्रति संवेदनशील वा जिम्मेवार देखिँदैनन्। देश र जनताका हितमा हुने निर्णय क्याबिनेटबाट गरिँदैन। अझ आजकल त क्याबिनेट बैठक पनि एक-दुई हप्तामा बस्ने गरिन्छ। प्रधानमन्त्रीले त दिनहुँ क्याबिनेट राखेर देश र जनताका निम्ति धमाधम निर्णय गरेर कार्यान्वयन गर्न निर्देशन दिनुपर्ने हो।

कांग्रेस, एमाले, माओवादी, मधेसी दलले ३५ वर्षसम्म केही गरेनन् भनेर जनताले रास्वपालाई झण्डै दुईतिहाइ बहुमत दिए। विडम्बना, रास्वपा सरकार पनि उस्तै देखिएको छ। विगतमा कुनै पनि घटनाको अनुसन्धान वा छानबिनका निम्ति कमिटी, कार्यदल वा समिति गठन गरिन्थ्यो। तर, प्रतिवेदनचाहिँ लुकाइन्थ्यो।

वालेन्द्र सरकार बनेपछि ती प्रतिवेदन सार्वजनिकसँगै कार्यान्वयनमा लगिने विश्वास जनतामा थियो। तर, सरकार गठनको पाँच महिना हुन लाग्दासमेत यसतर्फ कसैको ध्यान गएको पाइँदैन। २०२१ सालमा तत्कालीन राजा महेन्द्रले भूमि ऐन ल्याए। तराईमा १० बिघा, काठमाडौं उपत्यकामा २५ रोपनी र पहाडमा ७० रोपनीभन्दा बढी जग्गा व्यक्ति वा संस्थाको नाममा राख्न नपाइने र त्यस्तो जग्गा हदबन्दी बढीमा राखी राज्यको हुने व्यवस्था ऐनमा गरिएको छ।

भक्तपुरको मध्यपुर थिमी नगरपालिका वडा नम्बर ७ मा एउटै व्यक्ति (देवराज्यलक्ष्मी राणा) को २०० रोपनीभन्दा बढी जग्गा थियो। उपत्यकामा २५ रोपनीभन्दा बढी जग्गा राख्न नपाउने भएकोले यो जग्गा राज्यको हुनुपर्ने हो। तर, अहिले यो जग्गामा निजी घर र भवन बनेका छन्। राज्यको हुनुपर्ने जग्गामा व्यक्तिको रजाइँ चलेको छ।

यो त एउटा उदाहरणमात्रै हो। देशभर सरकारी, गुठी, ऐलानी, हदबन्दी बढी, मठमन्दिर, राजपरिवार, खोलानालालगायतको जग्गा व्यक्तिका नाममा गएको छ। ऐतिहासिक सम्पदासमेत मासेर घरलगायत संरचना ठडयाइएको छ। विडम्बना, त्यसप्रति वालेन्द्र सरकारको आँखा नगएको हो कि देखेर पनि अनदेखा गरेको हो ? प्रश्न उठेको छ।

किनकि, काठमाडौं महानगरको मेयर हुँदा उनी सार्वजनिक जग्गा र सम्पत्तिको संरक्षण गरेरै चर्चामा आएका थिए। यता, मुलुकको थुप्रै भूभाग भारत र चीनले कब्जा गरेका छन्। दार्जीलिङ, सिक्किम, टकनपुर, हाजीपुर, बाघघाम, टिस्टा कागडा, गोरखपुर, पटना र मुगेर नदीसम्मको नेपाली भूमि त लगि नै सकियो। अहिले कालापानी, लिम्पियाधुरा, लिपुलेकमाथि पनि कब्जा जमाइँदै छ। यसतर्फ सरकारको ध्यान गएको छैन।

वालेन्द्र सरकारले काम गर्ने जनतामा ठूलो आशा थियो। त्यसैले, चुनावमा त्यत्रो सिट जिताए। विडम्बना, अहिले जनतामा व्यापक निराशा छाएको छ। सरकार र सांसदको गतिविधिले जनतामा आक्रोश बढ्न थालेको छ। यो सरकार पनि कर्मचारी सरुवा, बढुवा, नियुक्ति र वैदेशिक ऋण स्वीकृतमै व्यस्त छ। यसले यो सरकार पनि असफल हुँदै गएको देखिन्छ।

**- रूषा थापा**
भक्तपुर



**महभिरको जोखिमयुक्त सडक**

चीन र भारत जोड्ने कालीगण्डकी कोरिडोरको बेनी–जोमसोम–कोरला सडकअन्तर्गत म्याग्दीको अन्नपूर्ण गाउँपालिका–७ महभिरको जोखिमयुक्त सडक । बेनी–जोमसोम–कोरला सडक योजना कार्यालयले महभिर क्षेत्रमा सडक फराकिलो पार्ने र पक्की बनाउन ठेक्कामार्फत काम गरिरहेको छ । *तस्बिरः रासस*

# डेढ दशकमा छ किलोमिटर कालोपत्र

**कञ्चनपुर–** सरकारले कञ्चनपुरको बह्मदेवदेखि नेपाल-चीन सिमाना तिंकरसम्म जोड्ने ध्येयकासाथ डेढ दशकअघि सुरु गरेको महाकाली करिडोर निर्माणमा अपेक्षित प्रगति हुन नसकेको पाइएको छ ।

तिंकर क्षेत्रमा सडक यातायातको पहुँच विस्तार गरी नेपाल-भारत-चीनबीच त्रिदेशीय व्यापारीक करिडोर निर्माण गर्ने लक्ष्यका साथ २०६६ सालबाट सुरु गरिएको करिडोरको कूल लम्बाइ ४१३ किलोमिटर छ । महाकाली करिडोर सडक योजना कार्यालय दार्चुलाले कञ्चनपुरको बह्मदेवदेखि दार्चुलाको तुसारपानीसम्म ३३४ किलोमिटर सडक निर्माण गरिरहेको छ । नेपाली सेनाको व्यवस्थापनमा अघि बढिरहेको तुसारपानीदेखि तिंकरसम्मको ७९ किलोमिटर क्षेत्रको सडकको हालसम्म १६ किलोमिटरमात्रै ट्र्याक खुलेको छ ।

योजना कार्यालय दार्चुलाका सूचना अधिकारी दिनेश रैखोलाले कार्यालयले निर्माण गरिरहेको ३३४ किलोमिटर सडकमध्ये ४६.३ किलोमिटर ट्र्याक खुल्न बाँकी रहेको जानकारी दिए । उनका अनुसार करिडोरको डडेलधुरामा पर्ने ५८ किलोमिटर सडकमध्ये ३२ किलोमिटरमात्रै ट्र्याक खुलेको छ भने २६ किलोमिटर ट्र्याक खुल्न बाँकी छ । ५.१ किलोमिटर सडक कालोपत्र गरिएको छ । उक्त सडकको १४४ किलोमिटरमध्ये २.५ किलोमिटर ट्र्याक खुल्न बाँकी छ ।

दार्चुलामा पर्ने १२१ किलोमिटरमध्ये १७.८ किलोमिटर ट्र्याक खुल्न बाँकी छ । करिडोरको हालसम्म ६.४ किलोमिटर सडकमात्रै कालोपत्रे गरिएको उनकाले जानकारी दिए । सुदूरपश्चिम प्रदेशक कञ्चनपुर, डडेलधुरा, बैतडी र दार्चुला जिल्ला जोड्दै नेपाल र चीनको ताक्लाकोटको सीमासम्म निर्माण हुने उक्त सडक योजनाबाट त्यस क्षेत्रमा आवतजावत गर्ने धेरै जनता लाभान्वित हुने योजना कार्यालयले जनाएको छ । त्रिदेशीय नाका भएका कारण व्यापारिक महत्त्व धेरै नै रहेको र धार्मिक हिसाबले कैलाश मानसरोवर भ्रमणको लागि छोटो बाटोको रूपमा प्रयोग हुने योजनाको प्रमुख विशेषता रहेको छ । करिडोरअन्तर्गत २८८ किलोमिटर कालोपत्रे हुन बाँकी रहेको त्यस सडक खण्डमा बनाइनुपर्ने ३४ वटा पुलमध्ये ३३ वटा पनि निर्माण हुन बाँकी छ ।

## महाकाली करिडोर

करिडोरको कूल ३३४ किलोमिटर सडकमा बाह्रै महिना यातायात निर्वाधरूपमा चल्ने बनाउने करिब १८ अर्ब १६ करोड रूपैयाँ बजेट आवश्यक पर्ने महाकाली करिडोर सडक योजना कार्यालयका इञ्जिनियर रैखोलाले बताए । त्यस योजनामा हालसम्म चार अर्ब २२ करोड रूपैयाँ रकम खर्च भइसकेको छ ।

चालु आर्थिक वर्षमा योजनाका लागि ३७ करोड ९७ लाख रूपैयाँ बजेट विनियोजन भएको छ । 'योजनाको एक अर्ब ३९ करोड ८४ लाख रूपैयाँ ठेक्काको दायित्व छ,' इञ्जिनियर रैखोलाले भने, 'मूल्यवृद्धिका कारण तीन/चार महिनायता काम प्रभावित भएको छ ।'

भौगोलिक हिसाबले दुर्गम तथा कडा चट्टानी भू-भाग बढी रहेकाले विष्फोटक पदार्थ प्रयोग गरी सडक निर्माण गर्नुपर्ने र विष्फोटक पदार्थको उपलब्धता सहज नहुँदा करिडोर निर्माणमा चुनौती थपिएको योजना कार्यालयले जनाएको छ । त्यस सडक क्षेत्रमा पर्ने रुखको व्यवस्थापन र योजनाका लागि आवश्यक विनियोजन नहुँदा अपेक्षाअनुसार सडक निर्माण अघि बढ्न नसकेको आयोजना पदाधिकारीको भनाइ छ । आयोजनाअन्तर्गत कञ्चनपुरमा ११ किलोमिटर, डडेलधुरामा ५६, बैतडीमा १४४ र दार्चुलामा १२० किलोमिटर सडक कालोपत्र गर्न बाँकी छ । *रासस*

# म्याग्दीबाट सेवाग्राही खोज्दै पोखरा झरे जनप्रतिनिधि र कर्मचारी

■ **कृष्ण दवाडी**

**कास्की–** हलको एक कुनामा ह्विलचियरमा बसिरहेका थिए हितमान छन्त्याल । हातमा थियो नागरिकता र सामाजिक सुरक्षाभत्ताको परिचयपत्र ।

कर्मचारीले नजिक आउन इसारा गरेपछि उनी ह्विलचियरमै बिस्तारै बोलाइएको स्थानमा गए । आफ्नो विवरण जाँच गराए, कागजात रुजु भयो र केहीबेरमै काम सकियो । काम पूरा भएपछि उनको अनुहारमा देखिएको खुसीले लामो यात्राको झन्झटबाट मुक्ति पाएको अनुभूति गराएको थियो । म्याग्दीको धवलागिरि गाउँपालिका-५ स्थायी घर भएका छन्त्याल हाल पोखरा-१६, दीपमा बस्दै आएका छन् । उनले २०५६ देखि शारीरिक अशक्तताका आधारमा सामाजिक सुरक्षाभत्ता पाउँदै आएका छन् ।

प्रत्येक आर्थिक वर्षको सुरुआतमा सामाजिक सुरक्षाभत्ताको परिचयपत्र नवीकरण गर्नुपर्ने भएकाले उनी बुधबार बिहान पोखराको नदीपुरस्थित छन्त्याल समाजको भवनमा पुगेका थिए । यसपटक भने उनलाई आफ्नो गाउँ फर्किनु परेन । धवलागिरि गाउँपालिकाले पोखरामै आएर सामाजिक सुरक्षाभत्ता नवीकरणलगायतका सेवा उपलब्ध गराएपछि छन्त्यालजस्ता धेरै सेवाग्राहीका लागि गाउँसम्म पुग्नुपर्ने बाध्यता हटेको हो ।

'बर्खाको समय, बाटो पनि अप्ठ्यारो । आउन जान खर्च पनि बढी लाग्ने, दुःख हुने गर्थ्यो तर अहिले पोखरामै बसेर आफ्नो काम पूरा गर्न पाइयो । अत्यन्त खुसी छु,' छन्त्यालले भने ।



गाउँपालिकाको सेवा बसोबास भएको सहरमा पाएपछि अन्य सेवाग्राही पनि उत्साहित देखिन्थे । पोखरा-१९ लामाचौरमा बस्दै आएकी सुनकुमारी विकले ससुराको सामाजिक सुरक्षाभत्ता नवीकरण पोखरामै एकै दिनमा गर्न पाउँदा समय र खर्च दुवै बचत भएको बताइन् । 'गाउँ जान धेरै समय लाग्थ्यो । यहीँबाटै बनाउन पायौं, खुसी छौं,' उनले भनिन् ।

धवलागिरि गाउँपालिकाले पोखरामा अस्थायीरूपमा बसोबास गर्दै आएका आफ्ना नागरिकलाई लक्षित गरी सेवा शिविर सञ्चालन गरेको हो । सुरुमा एक दिनका लागि आयोजना गरिएको शिविरमा सेवाग्राहीको चाप बढेपछि गाउँपालिकाले सेवा प्रवाहको समय थपेको छ ।

गाउँपालिकाका अध्यक्ष प्रेमप्रसाद पुनका अनुसार पोखरामा अस्थायीरूपमा बसोबास गर्दै आएका पालिकावासीलाई सहजरूपमा सेवा उपलब्ध गराउने उद्देश्यले शिविर सञ्चालन गरिएको हो । शिविरमार्फत सामाजिक सुरक्षाभत्ता नवीकरणदेखि पञ्जीकरण सेवा प्रदान गरिएको छ ।

सामाजिक सुरक्षाभत्ताका लागि गाउँपालिकामा नाम दर्ता भएका तर हाल पोखरा तथा आसपासका क्षेत्रमा बसोबास गरिरहेका ज्येष्ठ नागरिक, अशक्त तथा बिरामी लाभग्राहीलाई विशेषगरी बर्खाको समयमा गाउँसम्म पुगेर सेवा लिन कठिन भएकाले जनप्रतिनिधि र कर्मचारी सहर झरेर सेवा दिन थालेको अध्यक्ष पुनले बताए । 'धवलागिरि गाउँपालिका स्थायी घर भएर हाल पोखरामा बसोबास गरिरहनुभएका र बसाइँसराइ नगर्नुभएका नागरिकलाई घरदैलोमै सेवा दिने उद्देश्यले कार्यक्रम आयोजना गरेका हौं । सामाजिक सुरक्षाभत्ता नवीकरणसँगै वडामा हुने पञ्जीकरणका काम शिविरबाट प्रदान गरेका छौं,' गाउँपालिका अध्यक्ष पुनले भने ।

गाउँपालिकाबाट प्रदान हुने सेवा तथा सुविधाबाट कुनै पनि नागरिक वञ्चित हुन नपरोस् भन्ने उद्देश्य रहेको उनको भनाइ छ । आवश्यकताअनुसार गाउँपालिकाले कतिपय सेवाग्राहीको घर तथा अस्पतालमै पुगेर सेवा प्रदान गर्दै आएको उनले जानकारी दिए ।

गाउँपालिकाका अनुसार पोखरामा दुई दिनसम्म सञ्चालन हुने शिविरबाट २५० भन्दा बढी सेवाग्राही लाभान्वित हुने अपेक्षा गरिएको छ । गाउँमा रहेको स्थानीय सरकारको सेवा लिन गाउँ नै पुग्नुपर्ने बाध्यताबीच सहरमै सेवा पाएपछि धवलागिरि स्थायी घर भई पोखरामा बस्दै आएकालाई शिविरले थप सहज बनाएको वडा नं ७ का वडाध्यक्ष अशोक खत्री बताउँछन् ।

विशेषगरी ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति, अशक्त तथा बिरामीका लागि बर्खाको कठिन यात्राबाट जोगाउँदै नजिकैबाट सरकारी सेवा उपलब्ध गराउन सफल भएको खत्रीले बताए । 'गाउँपालिकाले यसरी सहरमा आएर सेवा दिन थालेपछि पोखरा तथा काठमाडौंमा बसाइँसराइ गरेर जाने क्रम घटेको छ । गाउँमा बस्ने मानिस घटे पनि बसाइँसराइ रोकिएको छ,' खत्रीले भने ।

पोखरामा सेवा दिनका लागि धवलागिरिका सातवटै वडाका वडाध्यक्ष, वडासचिव, जनप्रतिनिधि तथा कर्मचारी आएका छन् । म्यादीका स्थानीय तहले सुरु गरेको यो अभियान उदाहरणीय रहेको भन्दै प्रशंसा भएको छ । *रासस*

# जापानिज इन्सेफ्लाइटिसबाट पाँच जनाको मृत्यु

**भद्रपुर (झापा)–** जापानिज इन्सेफ्लाइटिस (जेई) संक्रमणबाट झापामा पछिल्लो चार महिनामा पाँच जनाको मृत्यु भएको छ । जिल्लामा हालसम्म नौ जनामा जेई संक्रमण पुष्टि भएकोमा पाँच जनाको मृत्यु भएको हो । मृत्यु हुनेमा तीन पुरुष र दुई महिला रहेका छन् । संक्रमितमा मेचीनगरका तीन, हल्दिबारीका एक, बाह्रदशीका एक, कचनकवलका एक, बिर्तामोडका दुई र अर्जुनधाराका एक जना छन् ।

स्वास्थ्य कार्यालय झापाका जनस्वास्थ्य निरीक्षक विश्वनाथ श्रेष्ठले संक्रमित अधिकांश ५० वर्षभन्दा माथिका रहेको जानकारी दिए । जापानिज इन्सेफ्लाइटिस क्युलेक्स जातको संक्रमित लामखुट्टेको टोकाइबाट मानिसमा सर्ने भाइरसजन्य रोग हो । संक्रमण भएपछि भाइरसले मस्तिष्कमा असर गर्छ । सुँगुर र हाँस जेई भाइरसका मुख्य स्रोत मानिन्छन् । सुँगुर पालन गर्ने व्यक्ति तथा धानखेत र पानी जम्ने क्षेत्र आसपास बसोबास गर्नेहरू संक्रमणको उच्च जोखिममा रहने गर्छन् ।

स्वास्थ्य कार्यालय झापाका खोप अधिकृत राजकुमार पोखरेलले जेईबाट बच्नका लागि लामखुट्टेको टोकाइबाट जोगिन तथा सरकारले सञ्चालन गर्ने नियमित खोप कार्यक्रममा सहभागी भएर जेईविरुद्धको खोप लगाउन आग्रह गरे । *रासस*

# बडीमालिकामा भदौ १ देखि लाग्ने मेलाको तयारी

**बाजुरा–** सुदूरपश्चिम प्रदेशको प्रमुख धार्मिक तथा पर्यटकीय गन्तव्य बडीमालिका मन्दिरमा यस वर्षको मेला तथा पूजा भदौ १ गतेदेखि सुरु हुँदै छ ।

दर्शनार्थीको बढ्दो चापलाई ध्यान दिँदै यस वर्ष मुख्य पूजाको दिनअघि नै यहाँ मेला सुरु गर्ने निर्णय गरिएको हो । जिल्लामा भएको सर्वपक्षीय बैठकले एकैदिन अत्यधिक भीड हुने भएकाले भदौ १ गतेदेखि नै पूजा सुरु गर्ने निर्णय गरेको जिल्ला समन्वय समिति प्रमुख तुलसीराम रोकायाले जानकारी दिए । मन्दिरका पुजारी नेत्र पाध्यायका अनुसार यहाँ हरेक वर्ष जनैपूर्णिमाको अघिल्लो दिन अर्थात् साउन शुक्ल चतुर्दशीका दिन त्यहाँ मुख्य पूजा हुँदै आएको छ । यस वर्ष भदौ १२ गते जनैपूर्णिमा भएकाले त्यसको अघिल्लो दिन बडीमालिकामा मुख्य पूजा हुने छ ।

उनका अनुसार गत वर्ष मन्दिरमा करिब ४५ हजारभन्दा बढी भक्तजनले दर्शन गरेका थिए । हरेक वर्ष देशका विभिन्न जिल्लाका साथै छिमेकी मुलुक भारतबाटसमेत यहाँ दर्शनार्थी आउने गरेका छन् । बाजुरा, डोटी र जुम्लाबाट पूजा सामग्रीसहित सरकारी टोलीसमेत यहाँ त्यहाँ पुग्ने परम्परा छ ।



यस वर्ष दर्शनार्थीको संख्या थप बढ्ने अनुमान गरिएको छ । गत वर्ष नेपाली सेनाले प्यागोडा शैलीमा बडीमालिका माताको नयाँ मन्दिर निर्माण गरेपछि यसको आकर्षण थप बढेको छ । त्यस आधारमा पनि दर्शनार्थीको संख्या बढ्ने अनुमान गरिएको स्थानीय चन्द्र थापाले बताए ।

बडीमालिका नगरपालिकाका प्रमुख अमरबहादुर खड्काले पूजा तथा मेला व्यवस्थापनका लागि सबै तयारी सुरु गरिएको जानकारी दिए । त्यसका लागि जिल्ला प्रशासन, स्थानीय तह र सुरक्षा निकायले तयारी तीव्र पारेका उनले बताए । प्रमुख खडकाले भने, 'मेला सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन १४ बुँदे निर्णयसमेत गरिएको छ । मन्दिर जाने मार्गमा संकेत चिह्न, साइनबोर्ड तथा सूचनापाटी राख्ने, धार्मिक क्षेत्रको पवित्रता कायम गर्न मदिरा, लागुपदार्थ र मासुजन्य वस्तु निषेध गरिने निर्णय भएको छ ।'

निमित्त जिल्ला समन्वय अधिकारी दीपेन्द्र पाण्डेले त्यहाँ पुग्ने दर्शनार्थीमा लेक लागे, बिरामी परे वा अन्य कारणले आपत्कालीन उद्धार आवश्यक परे जिल्ला प्रशासन, सुरक्षा निकाय र स्थानीय तहले तत्काल उद्धार गर्ने व्यवस्था मिलाएको बताए । समुद्री सतहबाट करिब चार हजार २०० मिटर उचाइमा रहेको बडीमालिका क्षेत्र धार्मिक आस्था र प्राकृतिक सौन्दर्यको संगमका रूपमा परिचित छ । स्थानीय तहले जिल्ला अस्पताल तथा स्वास्थ्य कार्यालयसँग समन्वय गर्ने र स्वास्थ्यकर्मीसँगको समन्वयमा बाँकी व्यवस्थापनको नेतृत्व नेपाली सेनाले गर्ने उनले जानकारी दिए । यस वर्ष मेलाअगावै सञ्चार सम्पर्क सहज बनाउन टेलिकम टावर सञ्चालनमा ल्याउने तयारीसमेत भइरहेको छ । *रासस*


**कुवेतमा रोजगार** — कम्पनी : MINSOUL COMPANY FOR CATERING

पूर्व स्वीकृति मिति : २०८२/०५/१८ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०४/२८ | LT. No. 330534 | चलानी नं. ६०२४४३३९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Barista | 2 | 0 | 150 | ७४,००६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Restaurant (Kitchen Helper) | 2 | 0 | 100 | ४९,३३८ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ ५ गते (21st Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

EXPRESS RECRUITER NEPAL PVT. LTD
Govt. License No. 1613/079/080
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897, E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com

**बहराइनमा रोजगार** — कम्पनी : EMY BEAUTY

पूर्व स्वीकृति मिति : २०८३/०४/२८ | LT. No. 346532 | चलानी नं. ६०२५९६३१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब BD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 4 | 150 | ६०,६३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ भदौ ५ गते (21st Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


HR NEPAL SERVICES PVT. LTD.
Chabahil 07, Kathmandu, Nepal., Tel: +977-01- 5910894
Mob: 9802343008, 9700699159 - Srijana Chidi Magar, Email: hrnepalservices@gmail.com
श्रम इजाजत नं. १५४८/०७८/०७९

**युएइमा रोजगार** — कम्पनी : HABASH PLASTER & CLADDING WORKS (BR OF HABASH CARPENTRY & FLOOR FIXING (L.L.C.))

पूर्व स्वीकृति मिति : २०८३/०२/२६ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०४/२८ | LT. No. 342252 | चलानी नं. ६०२५६५००

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Suttering Carpenter | 5 | 0 | 1500 | ६२,२९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Stone Mason | 1 | 0 | 1500 | ६२,२९५ | | | | | | | |
| 3 | Tile Layer | 2 | 0 | 1500 | ६२,२९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ ५ गते (21st Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


MASHAREQ INTERNATIONAL OVERSEAS PVT.LTD
Sinamangal-9, Kathmandu, Nepal, Tel: 01-5929372
9801018169 Khem nath Gautam, Email: mashareqoverseas@gmail.com, Website: www.mashareqoverseas.com.np
श्रम ईजाजत नं. ४१५/०६०/६१

**साउदीमा रोजगार** — कम्पनी : DELIGHTS OF THINGS FOUNDATION

पूर्व स्वीकृति मिति : २०८२/०४/२६ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०४/२८ | LT. No. 328939 | चलानी नं. ६०२४२७६२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Food and Beverage Counter Worker | 1 | 0 | 1200 | ४८,५६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ भदौ ५ गते (21st Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


श्रम इजाजत नं. १९०/०५७/०५८
Nasser International Placement Services Pvt. Ltd.
Kupondole, Opposite to Kandev Temple, Kathmandu , Phone: + 977-01-4578566 | 4578866,
Anil Karki (Mobile No. 9862134075), Email: info@nasserplacement.com, Web: nasserplacement.com

**साउदीमा रोजगार** — कम्पनी : NAHDHAT AL-JAWF COMPANY LIMITED

पूर्व स्वीकृति मिति : २०८३/०४/२० | LT. No. 346037 | चलानी नं. ६०२५९६२१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load unload Worker | 1 | 0 | 1000 | ४०,४७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ ५ गते (21st Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


श्रम ईजाजत नं. १४००/०७४/०७५
Pashupati HR Solution Pvt. Ltd.
Pingalasthan, Gaushala, Kathmandu, Nepal, Tel No. 014588454,
E-mail : pashupatihr17@gmail.com, www.pashupatihr.com.np

प्रभाव दैनिक




### फिल्म 'भिडियोटेप' घोषणा

फिल्म 'भिडियोटेप' निर्माण हुने भएको छ । एप्पल इन्टरटेन्मेन्टको ब्यानरमा निर्माण हुने फिल्म मंगलबार ललितपुरको लाबिम मलमा आयोजित एक कार्यक्रमका बिच घोषणा गरिएको हो । फिल्मको निर्देशन ओविद उद्दिनले गर्न भएका छन् । हरर जनराको यो फिल्मलाई आगामी भदौ ५ गतेबाट उपल्लो मुस्ताङमा खिचिनेछ । ३० दिनसम्म फिल्मको छायांकन गरिने कार्यक्रममा जानकारी दिइयो । फिल्ममा उपासना सिंह ठकुरी, कुन्दन मान शाक्यको मुख्य भूमिका रहनेछ । फिल्ममा अस्तित्व भट्टचन, कृशल श्रेष्ठ, रिसु राउत, जिवन अधिकारी, शेखर चापागाईँ, सिद्धार्थ सिंह लगायतका कलाकारहरूको पनि मुख्य भूमिका रहनेछ ।




शुक्रबार, २९ साउन २०८३ (Friday, 14 August 2026)

# 'शुभ विवाह' निर्माण घोषणा, मुख्य भूमिकामा प्रदीप र सनिशा



■ प्रभाव संवाददाता

**काठमाडौं–** सुदर्शन थापाको निर्देशनमा नयाँ नेपाली फिल्म 'शुभ विवाह' बन्ने भएको छ । बिहीबार राजधानीमा आयोजित एक कार्यक्रममा फिल्मको मुख्य कलाकार तथा प्राविधिक टिम चिनाउँदै घोषणा गरिएको छ ।

प्रियादर्शन फिल्मस्को ब्यानरमा निर्माण हुने फिल्मको मुख्य भूमिकामा अभिनेता प्रदीप खड्का र अभिनेत्री सनिशा भट्टराई देखिनेछिन्। फिल्ममा प्रदीप र सनिशाका अलवा हरिहर शर्मा, वसुन्धरा भुसाल, मुकुन्द किशोर भट्टराई, कृष्ण ढुङाना, विशाल पहारी, अन्शु महर्जन, बिन्दा खतिवडा, अनिता बस्नेत, मेक्सम गौडेल, सन्तोष थापा, सुनिशा बजगाइँ, आश्मा गिरी, रामेश्वर रिजाल, सुहान श्रेष्ठ र रमेश बज्राचार्यको अभिनय रहनेछ ।

यसअघि निर्देशक थापा र अभिनेता खड्काले फिल्म 'प्रेम गीत'मा सहकार्य गरेका थिए । जुन फिल्म सफल पनि मानिएको थियो। सुप्रिया कटुवालको निर्माण तथा साम भुजेलको कार्यकारी निर्माण रहने यस फिल्मको कथा प्रदीप श्रीवास्तवले लेखेका हुन् । फिल्मको पटकथा तथा संवाद लेखन रामशरण पाठकको छ । फिल्ममा अर्जुन पोखरेलको संगीत रहेको छ भने राजेश श्रेष्ठले छायाङ्कन रहने फिल्ममा नृत्य निर्देशक विक्रम स्वार रहनेछन् । रोमान्टिक कथावस्तुमा आधारित हुने फिल्मको छायांकन छिट्टै सुरु गर्ने तयारी हुने बताइन्छ । फिल्मको रिलिज आगामी फागुन २१ बताइन्छ ।

## 'ककाकिकी'को शीर्ष गीत गाउँदै अर्जुन सापकोटा

■ प्रभाव संवाददाता

**काठमाडौं –** लोकप्रिय गायक अर्जुन सापकोटाले फिल्मी गायनमा डेब्यु गरेका छन् । आगामी भदौ १९ गतेदेखि प्रदर्शनमा आउने तयारीमा रहेको चलचित्र 'ककाकिकी'को शीर्ष गीत गाउँदै उनले फिल्मी गायनमा प्रवेश गरेका हुन् ।

अर्जुनकै संगीत तथा हुकलाइन रहेको गीतमा अर्जुन सापकोटा र मेलिना राईको स्वर रहेको छ भने गीतका शब्द सन्तोष सापकोटाले लेखेका हुन् । गीतको भिडियोको छायांकनसमेत सम्पन्न भइसकेको निर्देशक बिक्की अगरवालले जानकारी दिएका छन् ।

गत बुधबार जर्सिङ पौवामा छायांकन गरिएको गीतको भिडियो फिल्मीकै कथाअनुसार गाउँमा भइरहेको



सेलिब्रेशनको दृश्यमा समावेश गरिएको छ । भिडियोमा गौरी मल्ल, तृप्ति नाडकर, रेखा थापा, महेश त्रिपाठी, प्रकाश घिमिरे, खड्गबहादुर पुनमगरलगायत कलाकार फिचर्ड छन् ।

भिडियोमा गायक अर्जुन सापकोटाले पनि नृत्य गरेका छन् । उनीसँगै पवित्रा शाकी (मिस पवि), सजिना खनाल र निश्चल खड्काले नृत्य गरेका छन् । भिडियोको कोरियोग्राफी मिग्मा डि लेप्चाले गरेका हुन् ।

निर्देशक अगरवालका अनुसार फिल्मीको पोस्ट प्रोडक्सनको काम अन्तिम चरणमा पुगेको छ । उनका अनुसार शिर्षगीत यहि साताको अन्तिमतिर सार्वजनिक गर्ने तयारी भइरहेको छ ।

फिल्मीमा दीया मास्के, शिशिर वाङ्देल, सुवास गजुरेल, रेअर राई, पवन खतिवडा, माओत्से गुरुङ, मनोज गजुरेल, मुकुन्द मैनाली, रामबाबु रेग्मी, सीडी विजय अधिकारी, सरोज भण्डारी, सृजना श्रेष्ठ, विश्वास तिमल्सिना, एलिसा भोग, सुवर्ण थापा र कमल देवकोटालगायत कलाकारको अभिनय छ । फिल्मीको डीओपी सुदिप बराल हुन् । पटकथा निर्देशक अगरवालसँगै सरोज भण्डारी र विकास अर्यालले लेखेका हुन् । श्रद्धा प्रसाईं र सुमित्रा थापा निर्माता रहेको 'ककाकिकी' भदौ १९ गतेदेखि प्रदर्शनमा आउनेछ ।

# फ्रान्स र डेनमार्कमा गुञ्जियो १९७४ एडी




**पेरिस–** चर्चित नेपाली साङ्गीतिक ब्यान्ड १९७४ एडीले युरोपेली देशहरू फ्रान्स र डेनमार्कमा साङ्गीतिक कन्सर्ट सम्पन्न गरेको छ । दुवै देशमा भएका कन्सर्टमा दर्शकको उपस्थिति उल्लेख्य रहेको थियो ।

ब्यान्डले फ्रान्समा पहिलोपटक आफ्नो प्रस्तुति दिएको हो भने डेनमार्कमा करिब १५ वर्षपछि पुनः कन्सर्ट गरेको हो । कन्सर्टको सुरुवात 'तिमीलाई पीरतीले बाँधौँला' गीतबाट भएको थियो । गीत सुरु भएसँगै दर्शकहरू उत्साहित भएर झुमेको ब्यान्डका म्यानेजर अनुज कार्कीले बताएका छन् ।

१५ वर्षअघि डेनमार्कमा कन्सर्ट गर्दाको समय र अहिलेको माहोल फरक भए पनि नेपाली भाषाप्रतिको प्रेम भने उस्तै पाएको कार्कीको अनुभव छ । उनले भने, '२०११ मा डेनमार्कमा कन्सर्ट गर्न आउँदा र अहिलेको माहोल धेरै फरक पाएँ । तर एउटा कुरा भने उस्तै रहेछ, नेपाली भाषाप्रतिको प्रेम ।'

विदेशी भूमिमा नेपाली गीत गाएर दर्शकलाई खुसी बनाउन पाउँदा खुसी लागेको ब्यान्डका सदस्य मनोजकुमार केसीले बताए । उनले भने, 'प्रेमको सहर फ्रान्समा पहिलोपटक कन्सर्ट गर्न पाउँदा निकै खुसी लाग्यो । नेपाली गीत लिएर यहाँका नेपाली दर्शकमाझ प्रस्तुत हुन पाउनु नै हाम्रो लागि विशेष भयो ।' केसीका अनुसार पहिले विदेशमा कन्सर्ट गर्दा नेपाली दर्शकको संख्या कम हुने गरे पनि अहिले विश्वका विभिन्न ठाउँमा नेपाली समुदाय फैलिएको छ ।

यसअघि पोर्चुगलमा प्रस्तुति दिइसकेको ब्यान्डले 'आइ पपर्स' को सहकार्यमा युरोपका विभिन्न सहरहरूमा कन्सर्ट गरिरहेको छ । तालिका अनुसार ब्यान्डले अगस्ट १५ मा पोल्यान्ड, अगस्ट २० मा माल्टा र अगस्ट २३ मा बेल्जियममा प्रस्तुति दिने छ ।

हाल १९७४ एडी ब्यान्डमा निराकार याक्थुम्बा, सञ्जय श्रेष्ठ, एड्रियन प्रधान, फिरोज स्याङ्देन, मनोजकुमार केसी र मनोज सिंह रहेका छन् ।



# दशौं राष्ट्रिय खेलकुद आगामी मङ्सिर तेस्रो साता

■ प्रभाव संवाददाता

**काठमाडौं–** दशौं राष्ट्रिय खेलकुद प्रतियोगिता आगामी मङ्सिर १६ देखि २९ गतेसम्म सुर्खेतमा हुने भएको छ । राष्ट्रिय खेलकुद परिषद् (राखेप) को बिहीबार बसेको १२५औं बोर्ड बैठकले उक्त निर्णय गरेको हो ।

राखेपका अध्यक्ष एवं शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलको अध्यक्षतामा बसेको परिषद्को बोर्ड बैठकले प्रथम राष्ट्रिय पारा खेलकुद प्रतियोगिता आगामी पुस १५ गतेदेखि सञ्चालन गर्ने पनि निर्णय गरेको छ ।

यस्तै, २०औं एशियाली खेलकुदमा सहभागी हुने खेलाडी तथा अफिसियलको नामावली अनुमोदन गरेको छ । बैठकमा मन्त्री पोखरेलले दशौं राष्ट्रिय खेलकुद सफल बनाउन सम्पूर्ण पक्ष एकताबद्ध भई लाग्न अनुरोध गरेका छन् । बैठकमा शिक्षा तथा खेलकुद मन्त्रालयका सचिव चुडामणि पौडेल, परिषद्का उपाध्यक्ष विशाल श्रेष्ठलगायत प्रदेश



खेलकुद परिषद्का सदस्य-सचिवसहित परिषद्का बोर्ड सदस्यहरूको उपस्थिति थियो । बैठकमा राखेपका सदस्य-सचिव रामचरित्र मेहताले विषय वस्तु प्रस्तुत गरेका थिए ।

## एभरेस्ट महिला भलिबल लिगमा थपियो सुदूरपश्चिमको टोली

■ प्रभाव संवाददाता

**काठमाडौं–** एभरेस्ट महिला भलिबल लिग तेस्रो संस्करणमा नयाँ फ्रेन्चाइज टोली सुदूरपश्चिम रोयल वारियर्स थपिएको छ ।

एभरेस्ट महिला भलिबल लिगकी प्रमुख कार्यकारी अधिकृत स्नेभी चापागाईका अनुसार यो फ्रेन्चाइजको स्वामित्व उमा गौतम भण्डारी, सञ्जीप शाही र कुमार भण्डारीसँग रहने छ ।

योसँगै लिगमा टोलीको संख्या ७ पुगेको छ । पहिलो संस्करणमा चितवन शक्ति, गण्डकी थन्डर्स, कर्णाली यश्वी, काठमाडौं स्पाइकर्स, ललितपुर क्विन्स र मधेश युनाइटेड सहभागी थिए ।

उक्त संस्करणको फाइनलमा ललितपुरलाई ३-२ को सेटमा पराजित गर्दै कर्णालीले उपाधि जितेको थियो ।

दोस्रो संस्करणमा भने चितवन र गण्डकी बाहिरिएका थिए । उक्त संस्करणमा नयाँ टोलीका रूपमा लुम्बिनी लाभास र पोखरा निन्जास थपिएका थिए । उक्त संस्करणको फाइनलमा पनि कर्णालीले ललितपुरलाई ३-२ को सेटमा हराएको थियो ।

**१४ औं पुष्पलाल स्मृति ब्याटमिन्टन**

# नङ्शल र रिहानाको जोडी अन्तिम आठमा

■ प्रभाव संवाददाता

**काठमाडौं–** सिटिजन बैंककी नङशल तामाङ र एपिएफकी रिहाना सेरचनको जोडी लिनिङ १४ औं पुष्पलाल स्मृती राष्ट्रिय बरियता ब्याडमिन्टन प्रतियोगिता २०८३ को अन्तिम आठमा प्रवेश गरेका छन् ।

सहआयोजक यल स्पोर्टस् एकेडेमीको कभर्डहलमा भएको प्रतियोगितामा तामाङ र सेरचनको जोडीले नेपाल पुलिस क्लबका श्रेया बज्राचार्य र अश्मिता खत्रीको जोडीलाई २१-१५, २३-२१ को सोझो सेटमा पराजित गर्दै अन्तिम आठको यात्रा तय गरेका हुन् ।

अन्तिम आठमा प्रवेश गर्ने क्रममा चितवनकी सुषमा भुजेल र कास्कीकी दिलाशा रानाको जोडीले आर्मीकी अनुमाया राई र सम्बृद्धि श्रेष्ठको जोडीलाई २१-८, २१-८ र सूर्खेतकी निर्भिता शाही र निशा सिंहको जोडीले मेघा शर्मा र लिला थापाको जोडीलाई २१-१०, २१-१७ ले पाखा लगाए ।




नेपाल खेलकुद महासंघ अन्तरगतको राष्ट्रिय ब्याडमिन्टन संघको आयोजनामा भएको प्रतियोगिताको पुरुष यु १५ एकल तर्फको खेलमा धन्यन्तरीका सुहम कार्की, कन्चनपुरका उदय चन्द, सिन्धुली ब्याडमिन्टन एकेडेमीका दीप थिङ, र आर्मीका सामन्त भद्र बज्राचार्य क्वाटरफाईनलमा स्थान बनाउन सफल भए । सुहमले आर्मीका रिजन मगरलाई २१-१४, २१-१९, उदयले बालकुमारी रिमिक्सका प्रज्वल बज्राचार्यलाई २१-९, २१-११, दीपले आर्मीका आशुतोष कसौधनलाई २१-८, २१-१० र सामन्तले सूर्यदर्शनका सोनम वलीलाई २१-१९, २१-९ ले पराजित गरेका हुन् ।


यस्तै कन्चनपुरका आशिष खत्रीले आर्मीका सजन कार्कीलाई २१-१९, २१-१७, नेपाल पुलिस स्कुल, काभ्रेका प्रनिश कार्कीले इमाडोल ब्याडमिन्टन स्पोर्टस् एकेडेमीका प्रिन्स थापा मगरलाई २१-१४, २१-१५, धन्यन्तरीका सुशान्त प्रजापतीले पुलिस क्लबका रितिक आचार्यलाई २१-११, २३-२१ र आर्मीका सुनद राजकोटीले सूर्यदर्शनका आदित्य थारुलाई २१-१३, २१-१९ ले पराजित गर्दै अन्तिम आठको यात्रा तय गरे ।

महिला यु १९ एकल तर्फ फिटनेश स्पोर्टस्प्लेक्सकी निभा राईले एपिएफकी प्रेन्शा श्रेष्ठलाई २१-८, २१-१७ ले र एपिएफकी रिहाना सेरचनले कस्तुरी कलेजकी अन्जिला राईलाई २१-१०, २१-६ ले पराजित गर्दै अन्तिमा आठमा भेट पक्का गरे ।

अन्तिम आठमा प्रवेश गर्ने क्रममा एपिएफकी अजरेन्का सेरचनले धादिङकी निष्ठा श्रेष्ठलाई २१-१६, २१-१६, एपिएफकी स्वर्लिन श्रेष्ठले बिवेक वर्मा एकेडेमीकी बिशेषता खड्कालाई २१-१३, १६-२१, २१-१३, पुलिसकी अश्मिता खत्रीले चितवनकी सुषमा भुजेललाई २१-१०, २१-१६, सुनसरी ब्याडमिन्टन एकेडेमीकी सुविज्ञा दाहालले इमाडोल ब्याडमिन्टन स्पोर्टस् एकेडेमीकी टिशा रानी शाक्यलाई २२-२४, २१-१९, २१-१९, आर्मीकी समृद्धि श्रेष्ठले एपिएफकी आश्रुती कार्कीलाई २१-१४, १५-२१, २१-१४ र कास्कीकी दिलाशा रानाले फिटनेपाल स्पोर्टस्प्लेक्सकी श्रीशा पौडेललाई २१-५, २१-११ ले पराजित गरेका हुन् ।

यु-१९ पुरुष एकल तर्फको खेलमा पुलिसका कविर के.सी., आर्मीका सौर्य महर्जन र सुदन राजकोटी तथा सिन्धुली ब्याडमिन्टन एकेडेमीका दीप थिङले पनि अन्तिम ८ मा स्थान पक्का गरे । कविरले आर्मीका प्रतिक बिष्टलाई २१-११, २१-१३, सौर्यले कन्चनपुरका उदय चन्दलाई २१-१६, २१-१५, सुदनले आर्मीकै सुविन श्रेष्ठ बीलाई २१-१५, २१-१९ र दीपले आर्मीका शिषिर रानालाई २१-१७, २१-१५ ले पाखा लगाएका हुन् ।

यस्तै अन्तिमा आठ प्रवेश गर्ने क्रममा आर्मीका सुप्रिम पन्तले कस्तुरी कलेजका संगम गिरीलाई २१-१३, २१-१०, आर्मीका सदीप राईले पुलिसका इमा तामाङलाई १२-२१, २१-१३, २१-१६, आर्मीकै रिजन मगरले कन्चनपुरका अनिष खत्रीलाई २१-१६, २१-११ ले र आर्मीकै सुविन श्रेष्ठ बीले पुलिसका पप्पु पाललाई २१-१८, २१-१८ ले पराजित गरे ।



बुधबार मध्य स्पेनको बर्लांगा डे डुएरोबाट देखिएको पूर्ण सूर्यग्रहणमा चन्द्रमाले सूर्यलाई ढाक्दै गर्दा देखिएका दृश्यहरूको संयोजन।

*तस्बिरः एपी*

# बंगलादेशको राष्ट्रपति दौडमा आलमगीर

**ढाका–** बंगलादेश राष्ट्रवादी पार्टी (बिएनपी)ले महासचिव मिर्जा फखरूल इस्लाम आलमगीरलाई आगामी राष्ट्रपति निर्वाचनका लागि पार्टीको उम्मेदवार चयन गरेको छ। उम्मेदवार बनेलगत्तै आलमगीरले पार्टी महासचिव तथा राष्ट्रिय स्थायी समितिको सदस्य पदबाट राजीनामा दिएका छन्।

बिएनपीका वरिष्ठ संयुक्त महासचिव रुहुल कबिर रिजवीले प्रधानमन्त्री कार्यालय अगाडि रहेको पार्टी सचिवालयमा बिहीबार राष्ट्रिय स्थायी समितिको बैठकपछि पत्रकार सम्मेलनमार्फत आलमगीरलाई राष्ट्रपतिको उम्मेदवार बनाउने निर्णय सार्वजनिक गरेका हुन्। बैठकमा पार्टीका संयुक्त महासचिवसहित राष्ट्रिय स्थायी समितिका अन्य नेताहरूको उपस्थिति थियो।

रिजवीले आलमगीर पार्टीको राष्ट्रपतीय उम्मेदवार बनेको घोषणा गर्दै उक्त निर्णय पार्टीका अध्यक्ष तथा बंगलादेश सरकारका प्रधानमन्त्रीसँग भएको बैठकमा यसअघि नै गरिएको जानकारी दिए। उनले आलमगीरले उम्मेदवारका रूपमा अघि बढ्न पार्टी महासचिव र राष्ट्रिय स्थायी समितिको सदस्य पदबाट राजीनामा दिएको पनि पुष्टि गरे।

बंगलादेशमा पूर्वराष्ट्रपति मोहम्मद साहाबुद्दिनले गम्भीर स्वास्थ्य समस्या देखाउँदै गत महिना पदबाट राजीनामा दिएपछि नयाँ राष्ट्रपति चयनको प्रक्रिया अघि बढेको हो। साहाबुद्दिनले अप्रिल २०२३ देखि राष्ट्रपतिको जिम्मेवारी सम्हाल्दै आएका थिए।

७६ वर्षीय साहाबुद्दिनले गत जुलाई २४ मा बंगलादेशको राष्ट्रिय संसद्का अध्यक्षसमक्ष हस्ताक्षर गरिएको राजीनामापत्र बुझाएका थिए। अध्यक्ष मेजर (सेवानिवृत्त) हाफिज उद्दीन अहमदले सोही दिन राजीनामा स्वीकार गरिएको पुष्टि गरेका थिए।

राष्ट्रिय संसद् भवनमा आयोजित पत्रकार सम्मेलनमा अध्यक्ष अहमदले संविधानको धारा ५४ अनुसार नयाँ निर्वाचित राष्ट्रपतिले पदभार ग्रहण नगरेसम्म आफूले अध्यक्षका रूपमा राष्ट्रपतिको जिम्मेवारी सम्हालिरहेको बताएका थिए। साहाबुद्दिनले सन् २०२३ अप्रिल २४ मा बंगलादेशको २२औं राष्ट्रपतिका रूपमा पदभार ग्रहण गरेका थिए। उनी तत्कालीन सत्तारूढ अवामी लिगका उम्मेदवारका रूपमा निर्विरोध निर्वाचित भएका थिए। उनको पाँच वर्षे कार्यकाल सन् २०२८ अप्रिलमा पूरा हुने थियो।

बंगलादेशको संविधानअनुसार राष्ट्रपति पद रिक्त भएमा नयाँ राष्ट्रपति निर्वाचित नभएसम्म संसद्का अध्यक्षले राज्यको अन्तरिम प्रमुखका रूपमा राष्ट्रपतिको जिम्मेवारी सम्हाल्ने व्यवस्था छ। अब राष्ट्रिय संसद्ले राष्ट्रपतिको पद रिक्त भएको मितिदेखि ९० दिनभित्र नयाँ राष्ट्रपति चयन गर्नुपर्ने संवैधानिक व्यवस्था छ। बिएनपीले आलमगीरलाई उम्मेदवार बनाएसँगै आगामी राष्ट्रपति निर्वाचनका लागि राजनीतिक प्रक्रिया अघि बढेको छ। *रासस/एएनआई*

# कोलम्बियामा भूकम्पबाट २६५ जनाको मृत्यु, ५०० बेपत्ता



**बोगोटा–** पश्चिमी कोलम्बियामा गत सोमबार गएको शक्तिशाली भूकम्पमा परी मृत्यु हुनेको संख्या २६५ पुगेको छ भने भग्नावशेषमा फसेका मानिसको खोजी जारी रहँदा करिब ५०० जना अझै बेपत्ता छन्। लगातार आइरहेका परकम्पले उद्धार तथा खोजी कार्यमा चुनौती थपिए पनि सुरक्षाकर्मी र उद्धारकर्मीले प्रभावित क्षेत्रमा अभियान जारी राखेका छन्।

कोलम्बियाका राष्ट्रपति अबेलार्डो डे ला एस्प्रियेलाले सरकारी टेलिभिजनमार्फत सम्बोधन गर्दै भूकम्पबाट क्षतिग्रस्त अस्पताल, विद्यालय, घर तथा अन्य पूर्वाधार पुनर्निर्माणका लागि आपत्कालीन कोष स्थापना गरिने बताएका छन्। उनले विपत्तिबाट भएको क्षतिबारे सम्बोधन गर्न आर्थिक आपत्कालसमेत घोषणा गरेका छन्। यद्यपि उक्त घोषणाअन्तर्गत तत्काल कुन-कुन कदम चालिने भन्ने उनले स्पष्ट पारेका छैनन्।

राष्ट्रपति एस्प्रियेलाका अनुसार भूकम्पबाट प्रभावित परिवारको संख्या २५ हजार ८०० भन्दा बढी पुगेको छ। आधिकारिक विवरणअनुसार तीन हजार ७७० जना घाइते भएका छन् भने नौ हजार ५५० भन्दा बढी घरमा क्षति पुगेको छ।

कोलम्बियाको प्रमुख कफी उत्पादन क्षेत्रको सहर पेरेरामा ८३ जना र देशको तेस्रो ठूलो सहर कालीमा ७४ जनाको मृत्यु भएको पुष्टि भएको छ। अन्य प्रभावित क्षेत्रमासमेत ठूलो जनधनको क्षति भएको अधिकारीहरूले बताएका छन्। कोलम्बियाको भूगर्भीय सर्वेक्षणकअनुसार मुख्य भूकम्पपछि हालसम्म १३० वटा परकम्प रेकर्ड भएका छन्। निरन्तर आइरहेका परकम्पका कारण क्षतिग्रस्त संरचनामा प्रवेश गरी भग्नावशेषमा फसेकाको खोजी गर्न उद्धार टोलीलाई कठिनाइ भइरहेको छ।

अगस्ट १० मा पश्चिमी कोलम्बियामा ७.४ म्याग्निच्युडको भूकम्प गएको थियो। भूकम्पले काली, पेरेरा र मनिजालेसलगायत सहरमा भवन, घर तथा स्वास्थ्य संस्थामा ठूलो क्षति पुऱ्याएको थियो। चोको क्षेत्रका दुर्गम बस्तीसमेत प्रभावित भएका छन्। त्यहाँ भौगोलिक कठिनाइका कारण उद्धार तथा राहत सामग्री पुऱ्याउन थप चुनौती देखिएको छ।

उक्त भूकम्पलाई कोलम्बियामा २१औं शताब्दीमा गएको सबैभन्दा शक्तिशाली भूकम्पमध्ये एकका रूपमा वर्णन गरिएको छ। भूकम्पबाट भएको व्यापक विनाश र त्यसपछि लगातार गइरहेका परकम्पका कारण उद्धारकर्मीले जोखिमपूर्ण अवस्थामा खोजी तथा राहत कार्य अघि बढाइरहेका छन्।

सरकारले प्रभावित परिवारलाई तत्काल राहत उपलब्ध गराउनुका साथै ध्वस्त पूर्वाधार पुनर्निर्माणलाई प्राथमिकता दिने जनाएको छ। यसबीच बेपत्ता मानिसको खोजी, घाइतेको उपचार र विस्थापित परिवारको व्यवस्थापनलाई उद्धार तथा राहत कार्यको मुख्य प्राथमिकता बनाइएको छ। *रासस/क्युएनए*

# चीनको आर्थिक रूपान्तरणका सूत्रधार झु रोङ्जीको निधन



**बेइजिङ–** चीनलाई विश्व अर्थतन्त्रसँग थप गहिरोरूपमा जोड्दै तीव्र आर्थिक वृद्धिको आधार तयार पार्ने महत्त्वपूर्ण बजार सुधारका प्रमुख योजनाकार तथा पूर्वप्रधानमन्त्री झु रोङ्जीको ९७ वर्षको उमेरमा निधन भएको छ। उनको निधनसँगै चीनको आर्थिक रूपान्तरणको एक महत्त्वपूर्ण अध्यायको अन्त्य भएको छ।

सरकारी समाचार एजेन्सी सिन्ह्वाका अनुसार रोगबाट पीडित उनको उपचारका क्रममा बुधबार बिहान बेइजिङमा निधन भएको हो। चीनका शीर्ष राजनीतिक निकायले संयुक्तरूपमा जारी गरेको शोक सन्देशमा उनको जीवनलाई क्रान्ति, संघर्ष र गौरवसँग जोडिएको जीवनका रूपमा चित्रण गरिएको छ।

शोक सन्देशमा उनले जनताको सेवामा आफ्नो जीवन पूर्णरूपमा समर्पित गरेका र कम्युनिस्ट उद्देश्यका लागि योगदान दिएका उल्लेख छ। उनको निधनलाई पार्टी र देशका लागि ठूलो क्षतिका रूपमा वर्णन गरिएको छ।

झु सन् १९९८ मा चीनको प्रधानमन्त्री बनेका थिए। प्रधानमन्त्रीका रूपमा उनले कडा निर्णय लिन सक्ने र बजारमुखी आर्थिक सुधारप्रति दृढ नेताका रूपमा आफ्नो पहिचान बनाएका थिए। उनको कार्यकालमा चीनले राज्यनियन्त्रित अर्थव्यवस्थाबाट बजारमुखी आर्थिक प्रणालीतर्फ तीव्र गतिमा अघि बढ्ने महत्त्वपूर्ण कदम चालेको थियो।

उनका प्रमुख सुधारमध्ये लामो समयदेखि घाटामा रहेका राज्य स्वामित्वका उद्योगलाई निजीकरण गर्ने व्यापक कार्यक्रम, सहरी आवास प्रणालीमा सुधार तथा घरको स्वामित्वलाई प्रोत्साहन गर्ने नीति प्रमुख थिए। ती सुधारले चीनको आर्थिक संरचनामा ठूलो परिवर्तन ल्याउनुका साथै निजी क्षेत्र र उपभोक्तामुखी अर्थतन्त्रको विस्तारमा महत्त्वपूर्ण भूमिका खेले।

झुको कार्यकालमा भएका सुधारले रियल स्टेट तथा निर्माण क्षेत्रमा तीव्र विस्तारको आधारसमेत तयार गरेको थियो। सन् २०२० मा गम्भीर ऋण संकट देखिनुअघि चीनको अर्थतन्त्रको करिब एकचौथाइ हिस्सा यसै क्षेत्रसँग सम्बन्धित भइसकेको थियो। यद्यपि पछिल्ला वर्षमा यही क्षेत्र चीनको अर्थतन्त्रका लागि प्रमुख चुनौतीमध्ये एक बनेको छ।

उनलाई सन् १९९७ मा देखिएको एसियाली वित्तीय संकटको प्रभावबाट चीनलाई जोगाउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेको श्रेय पनि दिइन्छ। त्यसबेला क्षेत्रका धेरै अर्थतन्त्र गम्भीर वित्तीय समस्यामा परेका थिए। चीनले भने आफ्नो मुद्रा तथा अर्थतन्त्रलाई तुलनात्मक रूपमा स्थिर राख्न सफल भएको थियो।

झुको अर्को महत्त्वपूर्ण योगदान चीनलाई विश्व व्यापार संगठन (डब्ल्युटिओ) को सदस्य बनाउने वार्तासँग जोडिएको छ। उनले सन् २००१ मा चीनको डब्ल्युटिओ प्रवेशका लागि भएको वार्तामा महत्त्वपूर्ण नेतृत्व गरेका थिए। चीनको विश्व व्यापार संगठनमा प्रवेशलाई माओत्सेतुङको नेतृत्वमा लामो समयसम्म बाहिरी विश्वबाट अलग रहेको अर्थतन्त्रलाई विश्व बजारसँग जोड्ने ऐतिहासिक कदमका रूपमा लिइन्छ।

उनका आर्थिक सुधारले लाखौं चिनियाँ नागरिकलाई गरिबीबाट माथि उठाउन योगदान पुऱ्याए पनि त्यससँगै आय तथा सम्पत्तिको असमानता बढेको आलोचना पनि भयो। बजारमुखी सुधारको यही धारणा पछि चीनको राजनीतिक नेतृत्वमा क्रमशः कमजोर हुँदै गयो। सन् २०१२ मा सी चिनफिङ सत्तामा आएपछि चीनले अर्थतन्त्रमा राज्यको भूमिकालाई पुनः बलियो बनाउँदै थप सन्तुलित विकासमा जोड दिन थाल्यो। सी नेतृत्वले अनियन्त्रित पुँजी विस्तारको आलोचना गर्दै एकाधिकारवादी व्यवहार मानिएका ठूला निजी कम्पनी तथा अत्यधिक विस्तार भएको घरजग्गा क्षेत्रमाथिसमेत कडाइ गरेको छ।

झुको निधनपछि जारी शोक सन्देशमा उनलाई चिनियाँ कम्युनिस्ट पार्टीका उत्कृष्ट सदस्य, लामो समयदेखि परीक्षित र बफादार कम्युनिस्ट योद्धा तथा पार्टी र राज्यका उत्कृष्ट नेतामध्ये एकका रूपमा वर्णन गरिएको छ। शोक सन्देशमा झुको क्रान्तिकारी भावना, उच्च चरित्र र असल आचरणबाट सिक्दै वर्तमान नेतृत्वप्रति अझ नजिकबाट एकताबद्ध हुन आह्वान गरिएको छ। यसबाट उनीप्रति पार्टीको औपचारिक सम्मान र चीनको आर्थिक इतिहासमा उनको भूमिकालाई दिइएको महत्त्व स्पष्ट हुन्छ।

झुको निधनको समाचार सार्वजनिक भएपछि चिनियाँ सामाजिक सञ्जाल वेइबोमा उनको नाम छिट्टै शीर्ष प्रवृत्तिमध्ये परेको थियो। समाचार सार्वजनिक भएको केही घण्टामै यससम्बन्धी सामग्री १९ करोडभन्दा बढी पटक हेरिएको थियो।

वेइबोमा धेरै प्रयोगकर्ताले उनलाई चीनको आर्थिक विकासका लागि महत्त्वपूर्ण योगदान दिने प्रधानमन्त्रीका रूपमा सम्झिएका छन्। एक प्रयोगकर्ताले उनलाई 'जनताको असल प्रधानमन्त्री' भन्दै श्रद्धाञ्जलि दिएका थिए। उक्त टिप्पणीमा १७ हजारभन्दा बढी लाइक आएको थियो। अन्य प्रयोगकर्ताले पनि उनको सम्झनामा मैनबत्तीका इमोजी प्रयोग गर्दै श्रद्धाञ्जलि व्यक्त गरेका थिए।

झु रोङ्जीको राजनीतिक विरासत चीनको तीव्र आर्थिक रूपान्तरणसँग गहिरोसँग जोडिएको छ। उनले नेतृत्व गरेको बजार सुधारले चीनलाई विश्व अर्थतन्त्रको केन्द्रतर्फ अघि बढाउन महत्त्वपूर्ण आधार तयार पारेको थियो। उनका कतिपय नीतिले पछिल्ला वर्षमा नयाँ चुनौतीसमेत जन्माए पनि चीनलाई विश्व बजारसँग जोड्ने प्रक्रियामा उनको भूमिका ऐतिहासिकरूपमा महत्त्वपूर्ण मानिन्छ। *रासस/एएफपी*

# हर्मुज नखुलेको इरानको दाबी

**तेहरान–** इरानले हर्मुजको जलघाँटीमा अमेरिकाको 'पूर्ण नियन्त्रण' कायम रहेको अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको दाबी अस्वीकार गर्दै रणनीतिक जलमार्ग अझै अवरुद्ध रहेको र तेहरानले राखेका सर्त पूरा नभएसम्म पूर्णरूपमा नखोलिने जनाएको छ। यससँगै महत्त्वपूर्ण समुद्री मार्गलाई लिएर अमेरिका र इरानबीचको दाबी-प्रतिदाबी थप चर्किएको छ।

पर्सियन गल्फ स्ट्रेट अथोरिटी (पिजिएसए)ले सामाजिक सञ्जाल एक्समार्फत अमेरिकी अधिकारीहरूले हर्मुजको जलघाँटी अवरुद्ध नरहेको भन्दै गरेका दाबीले वास्तविक अवस्था परिवर्तन नगर्ने बताएको छ। संस्थाका अनुसार जलघाँटी अझै अवरुद्ध छ र इरानले राखेका सर्त स्वीकार नभएसम्म त्यसलाई पुनः खोलिने छैन।

इरानको यस्तो प्रतिक्रिया राष्ट्रपति ट्रम्पले हर्मुजको जलघाँटीमा अमेरिकाको 'पूर्ण नियन्त्रण' रहेको र त्यसलाई कायम राख्ने बताएको केही घण्टापछि आएको हो। ट्रम्पले सामाजिक सञ्जाल ट्रुथ सोसलमा अमेरिकी नौसेनाको उपस्थितिलाई 'स्टिलको पर्खाल' को संज्ञा दिँदै इरानले त्यसविरुद्ध केही गर्न नसक्ने दाबी गरेका थिए।

ट्रम्पले आफ्नो सन्देशमा अमेरिकी नौसेनाले हर्मुज क्षेत्रमा नाकाबन्दी कायम राखेको उल्लेख गर्दै इरानको सैन्य पूर्वाधारमा गम्भीर क्षति पुऱ्याइएको दाबी गरेका थिए। उनले इरानको आर्थिक अवस्थामाथिसमेत टिप्पणी गर्दै उच्च मुद्रास्फीतिको सामना गरिरहेको बताएको थियो।

हर्मुजको जलघाँटी विश्वव्यापी ऊर्जा आपूर्तिका लागि अत्यन्त महत्त्वपूर्ण समुद्री मार्ग हो। विश्वमा हुने पेट्रोलियम व्यापारको करिब २० प्रतिशत यही मार्ग हुँदै हुने भएकाले यहाँ हुने कुनै पनि लामो अवरोध वा तनावले अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य, ढुवानी र आपूर्ति व्यवस्थामा प्रत्यक्ष असर पार्न सक्छ।

जलघाँटीलाई लिएर पछिल्लो तनाव इरानी, इजरायली र अमेरिकी सेनाबीच हप्तौंदेखि जारी सैन्य आदानप्रदानपछि बढेको हो। तेहरानले यसअघि पनि आफूविरुद्ध बाह्य दबाब र सैन्य कारबाही बढेमा समुद्री यातायात सीमित वा अवरुद्ध गर्न सक्ने चेतावनी दिँदै आएको थियो। यसले तनावलाई हर्मुजबाट बाहिर फराकिलो क्षेत्रीय द्वन्द्वमा परिणत हुन सक्ने आशंका बढाएको छ।

अमेरिकाले यसको प्रतिक्रियामा खाडी क्षेत्रमा आफ्नो नौसैनिक उपस्थिति उल्लेख्यरूपमा बढाएको छ। वासिङ्टनले अन्तर्राष्ट्रिय समुद्री आवागमनको स्वतन्त्रता सुनिश्चित गर्नु आफ्नो प्रमुख सुरक्षा प्राथमिकता भएको बताउँदै आएको छ। तर सैन्य तनावसँगै अमेरिका र इरानबीच कूटनीतिक सम्पर्कको प्रयाससमेत जारी रहेको जनाइएको छ। दुवै देशका प्रतिनिधिहरूले हर्मुजको संकट कम गर्ने तथा नियमित व्यापारिक समुद्री यातायात पुनः सञ्चालन गर्ने सम्भावित सर्तबारे अप्रत्यक्षरूपमा छलफल गरिरहेका छन्।

यसैबीच इरानको सर्वोच्च राष्ट्रिय सुरक्षा परिषद्का नवनियुक्त प्रमुख मोहसेन रेजाईले पनि तेहरानले आफ्ना सबै सर्त पूरा नभएसम्म हर्मुजको जलघाँटी पूर्णरूपमा नखोल्ने चेतावनी दिएको छ। रेजाईले सामाजिक सञ्जाल एक्समा प्रकाशित सन्देशमार्फत इरानको माग स्पष्ट गर्दै अमेरिका-इरान युद्ध र नाकाबन्दी अन्त्य हुनुपर्ने, इरानका रोक्का गरिएका सम्पत्ति फुकुवा गरिनुपर्ने तथा लेबनान र गाजामा क्षेत्रीय युद्धविराम हुनुपर्ने बताए। उनले ती सबै सर्त पूरा नभएसम्म जलघाँटी बन्द रहने दाबी गरेका हुन्।

हर्मुजको जलघाँटी यसअघि पनि विभिन्न सैन्य तथा राजनीतिक तनावका कारण विश्वको सबैभन्दा संवेदनशील भूराजनीतिक समुद्री मार्गमध्ये एक बन्दै आएको छ। यहाँ हुने सैन्य तनावले विगतमा अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य बढाउनुका साथै विश्वव्यापी आपूर्ति प्रणालीमा चिन्ता उत्पन्न गराउँदै आएको छ।

पछिल्लो तनावपछि जलक्षेत्रमा नौसैनिक गस्ती बढाइएको छ भने केही व्यापारिक जहाजले आफ्नो मार्ग र सुरक्षा व्यवस्थामा समेत परिवर्तन गरेका छन्। यसैबीच अन्तर ाष्ट्रिय समुदायले सम्बन्धित पक्षलाई संयम अपनाउँदै वार्तामार्फत तनाव कम गर्न आग्रह गरिरहेको छ। *रासस/एएनआई*

प्रभाव दैनिक National Daily

# अर्थ बजार

| आजको मूल्य | छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- | --- |
| प्रति तोला – | ३०६२०० | ० | ४७५० |

# देश बनाउन सबैको सहकार्य आवश्यक : डा. वाग्ले

■ प्रभाव संवाददाता

**तनहुँ–** अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले मुलुकको विकास र समृद्धिका लागि राजनीतिक आग्रहपूर्वाग्रह त्यागेर सबैपक्ष एकताबद्ध भएर अघि बढ्नुपर्ने बताएका छन् । जिल्ला समन्वय समिति तनहुँले बिहीबार दमौलीमा आयोजना गरेको वार्षिक प्रगति समीक्षा कार्यक्रममा उनले देशलाई नयाँ उचाइमा पुऱ्याउने स्पष्ट योजनासहित वर्तमान सरकार अघि बढिरहेको बताउँदै सबैले आपसी सहकार्य र समन्वय गर्नुपर्नेमा जोड दिए ।

अर्थमन्त्री वाग्लेले सरकार सुशासन र सुधारलाई प्राथमिकतामा राखेर सरकार अघि बढिरहेको बताए । उनले सरकारको पहिलो वर्षलाई सुधारको वर्ष, दोस्रोलाई सुशासनको वर्षका रूपमा लिइएको जनाउँदै तेस्रो र चौथो वर्षमा त्यसको नतिजा देखिने गरी योजनाबद्ध रूपमा काम भइरहेको उल्लेख गरे । 'यो जनताले आशा गरेको सरकार हो । देश बनाउन सबै मिलेर अघि बढौं । गलत सोच त्यागौं, देशलाई उचाइमा सहकार्य र समन्वय गरौं', उनले भने ।

मुलुकलाई समृद्ध बनाउने स्पष्ट योजना लिएर राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सरकारमा आएको उल्लेख गर्दै वाग्लेले जनताको अपेक्षा पूरा गर्न सरकार प्रतिबद्ध रहेको बताए । उनले भने, 'सुशासनको जगमा टेकेर सबै मन्त्रालयमा दैनिक रूपमा सुधारका काम भइरहेका छन् । कतिपय ठाउँमा गलत भए तत्कालै सुधार गरेर अगाडि बढिरहेका छौं ।'



'सुशासनको जगमा टेकेर सबै मन्त्रालयमा दैनिक रूपमा सुधारका काम भइरहेका छन् । कतिपय ठाउँमा गलत भए तत्कालै सुधार गरेर अगाडि बढिरहेका छौं ।'

■ डा. स्वर्णिम वाग्ले
अर्थमन्त्री

अर्थमन्त्री डा. वाग्लेले सुशासनबिना मुलुकको आर्थिक तथा सामाजिक विकास सम्भव नहुने भन्दै सरकारी संयन्त्रलाई प्रभावकारी र जवाफदेही बनाउन आवश्यक रहेको बताए । सरकारले सुशासन कायम गर्ने विषयमा कुनै सम्झौता नगर्ने उनको भनाइ छ । अर्थमन्त्री डा. वाग्लेले पूर्वाधार निर्माणमा निजी क्षेत्रको सहभागिता आवश्यक रहेको बताउँदै ऊर्जामा त्यसको सफल उदाहरण देखिसकिएको उल्लेख गरे ।

अर्थमन्त्री डा. वाग्लेले धान्न सक्नेगरी स्वास्थ्य बिमाको ढाँचा जाने गरी सरकारले काम अगाडि बढाएको उल्लेख गर्दै निम्न वर्गलाई लक्षित गरी विगतका सरकारले ल्याएका सकारात्मक कामलाई यस वर्ष यथावत राखिएको जानकारी दिए । कार्यक्रममा तनहुँ क्षेत्र नं २ का प्रतिनिधिसभा सदस्य श्रीराम न्यौपानेले विकास निर्माणलाई गति दिन पूर्वाधार अदालतको प्रक्रिया अगाडि बढेको जानकारी दिए । गण्डकी प्रदेशसभा सदस्य हरिबहादुर चुमान, जितप्रकाश आले, अशोककुमार श्रेष्ठ, व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेलगायतले पूर्वाधार विकास, पर्यटन प्रवर्द्धनलगायत विषयमा सहकार्य र समन्वयको आवश्यकता औंल्याए ।

शुक्रबारसम्म सञ्चालन हुने समिक्षा कार्यक्रममा जिल्लास्थित स्थानीय तह, प्रदेश र संघीय सरकार मातहतका कार्यालयका आर्थिक वर्ष २०८२/८३ मा सम्पन्न भएका काम र समस्याबारे छलफल गरिने जिल्ला समन्वय समितिका प्रमुख शान्तिरमण वाग्लेले जानकारी दिए । यसैबीच, अर्थमन्त्री डा वाग्लेले बन्दीपुरमा सञ्चालित जीप सफारीले यहाँको पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने बताएका छन् । बन्दीपुरस्थित टुँडिखेलबाट बन्दीपुर गाउँपालिकाको कार्यालयसम्म आज जीपमा सवारी गर्दै उनले ग्रामीण क्षेत्रमा जीप सफारीबाट पर्यटक आकर्षित गर्न सकिने धारणा राखे । उनले भने, 'नेपालका थुप्रै पहाडी थुम्कामा यस्ता जीप सफारीबाट पर्यटन प्रवर्द्धन गर्दै स्थानीयस्तरमा रोजगारी सिर्जना गर्न सकिन्छ ।' जीप सफारी सञ्चालनका लागि खरिद गरिने सवारीमा भन्सार शुल्क सस्तो बनाउन पहल गर्ने उनले प्रतिबद्धता जनाए ।

उक्त अवसरमा बन्दीपुर भिलेज सफारीका सञ्चालक वसन्त पौडेलले जीप सफारीका लागि खरिद गरिने सवारीमा भन्सार शुल्क छुट दिन आग्रह गरेका थिए । बन्दीपुर हुँदै मिनीग्रेटवाल, तीनधारा, सहिद स्मारक, धरमपानी, रुम्सी घरबासलगायत ठाउँमा जीप सफारीमार्फत पर्यटकले भ्रमण गर्दै आएका छन् ।



**आलु स्याहार्दै**

ओखलढुंगाको सिद्धिचरण नगरपालिका–६ जन्तरधाप क्षेत्रमा लगाइएको अर्गानिक बुङ आलु खन्दै कृषक । दुई हजार ४०० मिटरभन्दा माथिको उचाइमा परम्परागत विधिबाट पाँचदेखि १० वर्ष जमिन बाँझो राखेपछि त्यसमा उम्रिएको झारपातको चपरीलाई स–साना थुप्रोमा पाखैभरि थुपारेर आगोले पोलेपछि तयार पारिएको बुङमा रासायनिक मल र विषादी प्रयोग नगरी आलु उत्पादन गर्ने गरिन्छ ।

*तस्बिर: नवराज कार्की/रासस*

# नेप्से परिसूचक सामान्य अंकले बढ्यो

■ प्रभाव संवाददाता

**काठमाडौं–** धितोपत्र बजारमा सेयर कारोबार मापन नेप्से परिसूचक बिहीबार सामान्य अंकले बढेको छ ।

नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक आठ दशमलव ८१ अंकले बढेर दुई हजार ६५१ दशमलव २१ मा पुगेको छ । ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक शून्य दशमलव ९७ अंकले बढेर ४६४ दशमलव ५९ मा पुगेको छ ।

त्यस्तै, फ्लोट सूचक शून्य दशमलव ६० अंकले बढेर १८२ दशमलव १६ मा पुगेको छ । त्यस्तै सेन्सेटिभ फ्लोट सूचक शून्य दशमलव ३६ अंकले बढेर १५७ दशमलव ३३ मा पुगेको छ ।





विभिन्न कम्पनीका एक करोड दुई लाख २५ हजार ८७४ कित्ता सेयर रु तीन अर्ब ७२ करोड ४७ लाख ७० हजार ७७ मूल्यमा खरिद बिक्री भएको छ । १३ उपसमूहमध्ये १० उपसमूह बढ्यो भने दुई उपसमूह घट्यो । एक उपसमूह स्थिर रह्यो । आज १७१ कम्पनीको सेयर बढ्यो भने ८६ कम्पनीको सेयर घट्यो । त्यसैगरी, १९ कम्पनीको सेयर स्थिर रह्यो ।

नेप्सेका अनुसार सर्वोत्तम पेन्ट्स इन्डिस्ट्रिज, माउन्ट एभरेष्ट पावर डेभलपमेन्ट, सुपर खुदी हाइड्रोपावर कम्पनीका लगानीकर्ताले कमाएका छन् । त्यसैगरी प्रभु बैंक डिबेञ्चर, ग्लोबल आइएमई बैंक डिबेञ्चर, स्ट्रान्डर्ड चार्टड बैंकको डिबेञ्चरका लगानीकर्ताले गुमाएका छन् ।

# नेपाल चेम्बर अफ कमर्स र बागमती विश्वविद्यालयबीच रणनीतिक समझदारी

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल चेम्बर अफ कमर्स र बागमती विश्वविद्यालयबीच समझदारीपत्रमा हस्ताक्षर भएको छ । उद्यमशीलता विकास, नवप्रवर्तन प्रवर्द्धन, सीप विकास तथा उद्योग-शैक्षिक सहकार्यलाई संस्थागत रूपमा सुदृढ बनाउने उद्देश्यले समझदारी पत्रमा हस्ताक्षर भएको हो ।

पाँचवर्षे समझदारीपत्रमा नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेशकुमार अग्रवाल तथा बागमती विश्वविद्यालयका अध्यक्ष प्रा. डा. चन्द्रमणि पौडेलले हस्ताक्षर गरेका हुन् ।

समझदारी पत्रमा दुवै संस्थाले शैक्षिक क्षेत्र, उद्योग, स्टार्टअप, लगानी समुदाय तथा नीतिनिर्माताबीच समन्वयात्मक वातावरण निर्माण गर्दै उद्यमशीलता, व्यावसायिक विकास, नवप्रवर्तन क्षमता अभिवृद्धि तथा संस्थागत उत्कृष्टताका क्षेत्रमा दीर्घकालीन सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

नेपाल चेम्बर अफ कमर्सले आफ्ना सदस्य तथा सरोकारवालाको तालिम आवश्यकता पहिचान गर्ने, संयुक्त कार्यक्रममा सहभागिता बढाउने, व्यावसायिक वातावरणसँग सम्बन्धित कार्यक्रम सञ्चालनमा सहकार्य गर्ने तथा





बागमती विश्वविद्यालयका विद्यार्थीका लागि इन्टर्नसिप तथा रोजगारी सहयोग केन्द्र स्थापना गर्न सहयोग गर्नेछ ।

त्यसैगरी, बागमती विश्वविद्यालयले शैक्षिक विशेषज्ञता उपलब्ध गराउने, तालिम तथा कार्यकारी शिक्षा कार्यक्रम सञ्चालन गर्ने, स्टार्टअप तथा नवप्रवर्तनका लागि परामर्श र मार्गदर्शन प्रदान गर्ने, उद्योग शिक्षा सहकार्यमा आधारित अनुसन्धानलाई प्रोत्साहन गर्ने तथा सेमिनार, नीति संवाद र सम्मेलन आयोजना गर्ने प्रतिबद्धता जनाएको छ । कार्यक्रममा नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेश कुमार अग्रवालले आवश्यकताअनुरूप विश्वविद्यालयले परम्परागत शिक्षा प्रणालीभन्दा बाहिर निस्किएर उद्यमशीलता र नवप्रवर्तनमा केन्द्रित हुनुपर्नेमा जोड दिए ।

बागमती विश्वविद्यालयका अध्यक्ष प्रा. डा. चन्द्रमणि पौडेलले विश्वविद्यालयले शिक्षा र उद्योगबीचको सम्बन्धलाई व्यावहारिक रूपमा जोड्ने अवधारणाअनुसार अघि बढिरहेको बताए । समझदारीपत्र हस्ताक्षर भएको मितिदेखि पाँच वर्षसम्म लागू रहनेछ ।

## कर्पोरेट

### कुमारी बैंकद्वारा परिवार सुरक्षा बचत खाताअन्तर्गतको बीमा दाबी रकम हस्तान्तरण



**काठमाडौं (प्रस)–** कुमारी बैंक लिमिटेडको गढवा शाखाले परिवार सुरक्षा बचत खाताअन्तर्गतको बीमा सुविधाबमोजिम लाभग्राहीलाई बीमा दाबी रकम हस्तान्तरण गरेको छ । श्रीमती खुमा पौडेलका श्रीमानको दुःखद् निधन पश्चात परिवार सुरक्षा बचत खातासँग सम्बन्धित बीमा दाबी प्रक्रिया पूरा भएपछि कुमारी बैंकको गढवा शाखाले रु. १० लाख रूपैयाँ बराबरको बीमा दाबी रकम हस्तान्तरण गरेको हो । उक्त रकमले शोकाकुल परिवारलाई कठिन परिस्थितिमा आर्थिक सहारा पुग्ने विश्वास बैंकले लिएको छ । कुमारी बैंकले ग्राहकहरूको वित्तीय सुरक्षा तथा परिवारको आर्थिक संरक्षणलाई प्राथमिकतामा राख्दै विभिन्न बचत योजनाहरूसँग आकर्षक बीमा सुविधा उपलब्ध गराउँदै आएको छ । परिवार सुरक्षा बचत खाता अन्तर्गत प्रदान गरिने बीमा सुविधाले अप्रत्याशित घटनाबाट प्रभावित परिवारलाई आर्थिक राहत उपलब्ध गराउनुका साथै भविष्यको आर्थिक सुरक्षाको भावना अभिवृद्धि गर्न महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।

विशेषगरी ग्रामीण तथा दुर्गम क्षेत्रका नागरिकहरूलाई वित्तीय सेवा र बीमा सुरक्षाको पहुँच विस्तार गर्ने उद्देश्यअनुरूप सञ्चालन गरिएका यस्ता सुविधाहरूले आर्थिक समावेशीकरणलाई थप सुदृढ बनाउँदै ग्राहक तथा निजका परिवारलाई आवश्यक समयमा वित्तीय सहयोग प्रदान गर्ने विश्वास बैंकले व्यक्त गरेको छ ।

### मुक्तिनाथ विकास बैंकका ग्राहकलाई लेमन ट्रि प्रिमियर तथा टेस्ला डाएगनोस्टीकमा विशेष छुट

**काठमाडौं (प्रस)–** मुक्तिनाथ विकास बैंक लि.ले आफ्नो ग्राहकहरूलाई थप सेवा दिन काठमाडौंको बुढानिलकण्ठमा रहेको लेमन ट्रि प्रिमियर बुढानिलकण्ठ होटेल र काठमाडौंको बालुवाटारमा रहेको टेस्ला डाएगनोस्टीकसँग विभिन्न सेवासुविधाहरूमा छुट प्रदान गर्ने गरी व्यवसायिक सम्झौता गरेको छ ।



यस व्यवसायिक सम्झौता पश्चात मुक्तिनाथ विकास बैंकका ग्राहकहरूले यस होटेलमा बसाई तथा खानामा १५ प्रतिशतसम्म छुट र स्पामा २० प्रतिशतसम्म छुट प्राप्त गर्न सक्नेछन् । साथै, टेस्ला डाएगनोस्टीकमा प्याथोलोजी टेस्ट, एमआरआई, एक्सरे, डेन्टल, औषधी तथा अन्य धेरै सुविधाहरूमा ५ देखि १० प्रतिशतसम्म छुट प्राप्त गर्न सक्नेछन् । छुटका लागि बैंकका ग्राहकहरूले बैंकको मान्य डेबिट कार्ड/प्रिभलेज कार्ड पेश गर्नुपर्ने छ वा बैंकको मोबाइल बैंकिङद्वारा भुक्तानी गर्नुपर्नेछ ।

मुक्तिनाथ विकास बैंकले ग्राहकको आवश्यकता र बदलिँदो बजार परिवेशअनुरूप सरल, सहज तथा प्रतिस्पर्धी वित्तीय सेवा उपलब्ध गराउँदै आएको छ। साथै, बैंकले विशेष अटो लोन योजना आधार दर + ०.०० प्रतिशतमा ल्याएको छ ।

# 'पर्यटन क्षेत्रलाई लगानीमैत्री बनाउन व्यवसायमैत्री पर्यटन ऐन आवश्यक'

■ प्रभाव संवाददाता

**काठमाडौं–** पर्यटन व्यवसायीले नेपालको पर्यटन क्षेत्रलाई थप व्यवस्थित, प्रतिस्पर्धी र लगानीमैत्री बनाउन व्यवसायीमैत्री पर्यटन ऐन आवश्यक रहेको बताएका छन् । ट्रेकिङ एजेन्सीज् एसोसियसन अफ नेपाल (टान)ले बिहीबार आयोजना गरेको 'पर्यटन ऐन, २०८१ को मस्यौदामा पदयात्रासम्बन्धी व्यवस्था'का सन्दर्भमा विज्ञसँग आयोजना गरेको अन्तरक्रियामा व्यवसायीले व्यवसायीमैत्री पर्यटन ऐन आवश्यक रहेको बताएका हुन् ।

टानका अध्यक्ष सागर पाण्डेले पर्यटन ऐनको मस्यौदामा नेपालको पर्वतीय पदयात्राका बारेमा अधिकांश विषय नआएको भन्दै ऐनमा भएका व्यवस्थालाई पुनर्विचार गर्नुपर्ने बताए । उनले मुलुकको पर्यटन प्रवर्द्धनमा पदयात्रा पर्यटनको महत्वपूर्ण योगदान रहेको भन्दै पर्यटन ऐनले पदयात्रा पर्यटनलाई समेट्नुपर्नेमा जोड दिए ।

पर्यटन व्यवसायी निमा लामाले नेपाललाई आरोग्य र योगा पर्यटनको केन्द्रका रूपमा विकास गर्नुपर्ने बताए । उनले पर्यटन क्षेत्रसँग सम्बन्धित ऐन निर्माण गर्दा सरोकार भएका निकायका प्रतिनिधिसँग पर्याप्त छलफल हुनुपर्ने उल्लेख गरे ।

वरिष्ठ पर्यटन व्यवसायी रमेश धमलाले पर्यटन ऐनलाई व्यवसायमैत्री बनाउनका लागि सम्बन्धित मन्त्रालय र व्यवसायीबीच छलफल तथा समन्वय हुनुपर्नेमा जोड दिए । पर्यटन व्यवसायी दिपक महतले पर्यटन ऐनले नेपालको समग्र पर्यटन क्षेत्रलाई समेट्नुपर्ने बताए ।

टानका पूर्वअध्यक्ष सुमन पाण्डेले पर्यटन व्यवसाय सञ्चालनमा देखिएका प्रशासनिक समस्या, अनुमति तथा नवीकरण प्रक्रियाका जटिलता, विभिन्न निकायबीचको समन्वय अभाव र नीतिगत अस्पष्टता हटाउन नयाँ ऐन आवश्यक रहेको भन्दै उक्त ऐन व्यवसायीमैत्री हुनुपर्ने बताए ।

नेपाल पर्वतारोहण संघका अध्यक्ष फुर ग्याल्जे शेर्पाले पर्यटन ऐन समग्र पर्यटन क्षेत्रका लागि मार्गदर्शन गर्ने ऐन भएकाले यसभित्र देखिएका अस्पष्टतालाई हटाउन पर्यटनसँग सम्बन्धित संघसंस्थाबीच एकता हुनुपर्ने बताए ।

टानका पूर्वअध्यक्ष ज्योती अधिकारी, चन्द्र रिजाल, नवराज दाहाल, खुमबहादुर सुवेदी, पूर्वमहासचिव मोहन लम्साल, सरीता लामा, विनोद सापकोटालगायत वक्ताले पर्यटन ऐनले नेपालको पर्यटन क्षेत्रलाई दिशानिर्देश गर्ने भएकाले यसलाई पर्याप्त छलफलपछि मात्र ल्याउनुपर्ने बताए ।

पर्यटन व्यवसायी आङ छिरिङ शेर्पा, लाक्पा फुटु शेर्पा, नेपाल पर्यटन बोर्डका पूर्वसञ्चालक समिति सदस्य ऋषिराम भण्डारी, पर्यटन व्यवसायी चेवन देवकोटालगायतले पर्यटन व्यवसायीलाई प्रोत्साहन गर्ने, लगानीको सुरक्षा सुनिश्चित गर्ने र व्यवसाय सञ्चालनका लागि सहज वातावरण बनाउने गरी ऐन निर्माण हुनुपर्नेमा जोड दिए ।

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१–४३७३५७७, ०१–४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ